news 24 दैनिक

वर्ष १३ अंक ३१ राष्ट्रिय दैनिक | २० भदौ २०८२, शुक्रबार भदौ शुक्ल त्रयोदशी | नेपाल संवत् ११४५ | Friday 5 September 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# सामाजिक सञ्जाल अटेरी, सरकार कडा

**सूचीकरणमा नआउने २६ सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयको मिश्रित प्रतिक्रिया छ । धेरैले सरकार निरंकुश भएको भन्दै आलोचना गरेका छन् भने कतिपयले नेपालको कानूनलाई बेवास्ता गर्न दिन नहुने भन्दै सरकारी निर्णयलाई उचित भनेका छन् । तर, सञ्चालक कम्पनीले एउटा इमेलका भरमा पनि सूचीकरण गराउन सक्ने सजिलो बाटो सरकारले खुला राखेको छ ।**

**भाषा शर्मा**
**काठमाडौं, भदौ १९**


सरकारले सर्वोच्च अदालतको फैसला कार्यान्वयनमा जोड दिँदै नेपालमा सूचीकरण नभएका सामाजिक सञ्जाल निष्क्रिय गर्ने र दर्ता हुन आएमा तत्काल खोल्ने निर्णय गरेको छ। यो निर्णयले प्रयोगकर्तामाझ भूकम्प आएझैं भएको छ।

सरकारको सूचीकरणका लागि दिएको सातदिने अल्टिमेटमलाई धेरैले पत्याएका थिएनन्। तर, सर्वोच्चको आदेशको टेकोमा सरकारले सामाजिक सञ्जाल निष्क्रिय गर्ने निर्णय गरेको हो। सरकारका अनुसार सूचीकरणका लागि कुनै खर्च पनि लाग्दैन। एउटा इमेल पठाएको भरमा सूचीकरण गर्न सकिने व्यवस्था छ।

सरकारले निष्क्रिय गर्ने निर्णय गरेपछि मेटा ग्रुपको कार्यालयले सूचीकरणका लागि चाहिने विवरण माग गरिसकेको छ। मेटा अन्तर्गत फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, थ्रेडस्, म्यासेन्जर प्लेटफर्म छन्। मेटाको एसिया प्यासेफिक कार्यालय सिंगापुरले बिहीबार बेलुकी इमेलमार्फत दर्ता हुन चाहिने विवरण माग गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले बताए। त्यसैगरी ‘हाम्रो पात्रो’ले पनि सूचीकरणका लागि निवेदन दिइसकेको उनले जानकारी दिए। निवदेन दिएसँगै हाम्रो पात्रो भने निष्क्रिय हुने छैन।

सरकारले निष्क्रिय गर्ने निर्णय गरे पनि प्राविधिक काम भएकाले त्यसका लागि समय लाग्ने बताइएको छ। ‘निष्क्रिय गर्न समय लाग्छ। बिजुली, धाराजस्तो बन्द भइहाल्ने होइनन्,’ प्रवक्ता ठाकुरले भने। उनका अनुसार पाँचवटा सामाजिक सञ्जाल मात्रै चलाउन पाइनेछ। टिकटक, भाइबर, वीटक, पोपोलाइभ र निम्बज अघि नै सूचीकृत भएका थिए। ग्लोबल डायरी र सरकारले निष्क्रिय बनाएको टेलिग्राम प्रक्रियामा छन्।

फेसबुक, ट्वीटर (एक्स), युट्युब, इन्स्टाग्राम, ह्वाट्सएप, म्यासेन्जरसहित २६ वटा एप्लिकेसन निष्क्रिय गर्नेगरी नेपाल दूरसञ्चार प्राधिकरणले सूचना जारी गरेको छ। सर्वोच्च अदालतको आदेश, मन्त्रिपरिषद्को भदौ ९ को निर्णय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको भदौ १९ को मन्त्रिस्तरीय बैठकको निर्णय बमोजिम निष्क्रिय गराउने बताएको छ। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० बमोजिम नेपालमा सूचीकरण नभइ सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई निष्क्रिय गराउन सूचना जारी गरिसकेको छ।



एआईद्वारा सृजित चित्र

त्यसैगरी बिहीबार साँझ एनसेलले पनि सरकारको निर्णय अनुसार टिकटक, भाइबरलगायतका सूचीकरण भएका सामाजिक सञ्जाल मात्रै चल्ने, सूचीकृत नभएकाहरू निष्क्रिय हुने सूचनासहितको जानकारी गराएको छ।

यदि निष्क्रिय गरिएका प्लेटफर्म सरकारले भने बमोजिम सूचीकरण हुन आएमा तुरुन्तै चालु हुनेछन्। सामाजिक सञ्जाल निष्क्रिय गर्ने सरकारको निर्णयप्रति चौतर्फी आलोचना पनि भएको छ। २०७८ सालदेखि सामाजिक सञ्जाल सञ्चालकलाई सरकारले सूचीकरणका लागि आग्रह गर्दै आएको हो। पटकपटकको सूचनालाई बेवास्ता गर्दै तोकिएको मितिमा कोही नआएपछि सरकार निष्क्रिय गर्न बाध्य भएको हो।

इलेक्ट्रोनिक कारोबार ऐन २०६३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका ल्याएको थियो। मन्त्रालयले २०८० मंसिर १५ गते पहिलो पटक सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्न आह्वान गरेको थियो। चार वर्ष अघि मन्त्रालयले सूचना प्रकाशन गर्दै तीन महिना भित्र सूचीकरण हुन आह्वान गरेको थियो। साथसाथै नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्न भनेको थियो। नेपालको कानूनलाई विश्वकै खर्बपतिका सामाजिक सञ्जाल सञ्चालकले नटेरेपछि सरकारले बाध्य भएर निष्क्रियको निर्णय गरेको सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले बताएका छन्।

‘तोकिएको समयभित्र सूचीकृत गर्न नआउने सामाजिक सञ्जाललाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेको क्षणदेखि पुनःसक्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ,’ मन्त्री गुरुङले भनेका छन्।

**सर्वोच्चको फैसला यस्तो छ**

सर्वोच्चले स्वदेशी वा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन पूर्व अनिवार्य रुपमा साधिकार निकायमा दर्ता गर्न आदेश गरेको छ। अनिच्छित सामग्रीहरूको मूल्यांकन र अनुगमन गर्ने गरी डिजिटल मिडिया र सामाजिक सञ्जाललाई समेत जिम्मेवार तथा जवाफदेही बनाउन भनेको छ। ‘आफ्नो वास्तविक परिचय लुकाई छद्म, काल्पनिक नामबाट सामाजिक सञ्जालको दुरुपयोग गर्ने कार्यसमेतलाई निरुत्साहित गर्न, कानूनको परिधिभित्र रहने गरी नियमनकारी निकायबाट भरपर्दो अनुगमन गर्न र यस विषयमा आवश्यक अन्य व्यवस्था गर्न अविलम्ब उचित कानूनी प्रबन्ध गर्नू’ सर्वोच्चले भनेको छ।

सर्वोच्चले सिधाकुरा डटकम नामक युट्युब च्यानलमार्फत न्यायाधीशसमेतलाई जोडेर प्रसारण गरिएको सामाग्रीविरुद्ध अदालतको अवहेलना मुद्दा दर्ता गरेको थियो।

*बाँकी पृष्ठ २ मा...*

## अडान राख्ने कि पुनर्विचार गर्ने

**गगन थापा**
**कांग्रेस महामन्त्री**



सामाजिक सञ्जालको विषयमा सरकारले जुन निर्णय गरेको छ, त्यो गलत छ। सरकार उल्टो बाटो हिँडेको छ, यसलाई पुनर्विचार गरिनुपर्छ।

सर्वोच्च अदालतले सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण हुने अनिच्छित सामग्रीको मूल्यांकन, अनुगमन, जिम्मेवार बनाउन, दुरुपयोगलाई निरुत्साहित समेत बनाउनलाई कानूनी प्रबन्ध गर्न भनेको छ। यसको हवाला दिँदै निर्देशिकाका आधारमा सामाजिक सञ्जाल बन्द गर्ने होइन, बर आवश्यक कानून छिटो बनाउने हो। सामाजिक सञ्जाल सम्बन्धित कानून राष्ट्रिय सभामा विचाराधीन छ, त्यसमा छिटो काम गरेर उपयुक्त कानून निर्माण गरौं।

आजको दिनमा सामाजिक सञ्जाल नागरिकलाई आफ्ना अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै, सार्वजनिक बहसहरूमा भाग लिने र सरकारलाई जवाफदेही बनाउन महत्त्वपूर्ण मञ्च प्रदान गर्ने माध्यम बनेको छ। सामाजिक सम्बन्ध, उद्यमशीलता, डिजिटल अर्थतन्त्रजस्ता विविध विषय र आम मानिसको दैनिकसँग जोडिएको छ। सञ्जालमा लगाउने कुनै पनि प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार संकुचित पार्छ। सामाजिक सञ्जाल बन्‍ गर्ने विषय साइबर जोखिमसँग समेत जोडिएको छ। हामीले यस विषयमा सन्तुलित र विवेकशील भएर सोच्नुपर्छ। त्यसैले सरकारसँग पुनः आग्रह छ- यो निर्णय पुनर्विचार गरियोस्। सामाजिक सञ्जाल सुरक्षित बनाउन, दुरुपयोग रोक्न र नियमन गर्नका लागि सम्बन्धित कानूनलाई छिटो निर्माणमा तदारुकता देखाओस्।

**शिव गाउँले**
**पत्रकार**



सामाजिक सञ्जाल समानान्तर शक्तिको रुपमा उदाएको थियो विशिष्ट पेसा, क्षेत्रको कब्जाजस्तै रहेको विचार निर्माणको ‘प्लेटफर्म’मा आम नागरिकको हस्तक्षेप बढाएर यसले सरकार, संसद्, अदालत र पत्रकारको एकाधिकार तोडिदिएको थियो। अहिले यसविरुद्ध ती शक्ति एक ठाउँमा आएका मात्रै हुन्।

**सुमना श्रेष्ठ**
**रास्वपा सांसद**



सरकारको तानाशाही चरित्र फेरि पनि छर्लंग हुँदै किन हरेक पटक नागरिक नै सरकारका अव्यवहारिक र अनियोजित निर्णयको सिकार हुनुपर्ने ?

बिना कुनै विकल्प दिएर यसरी सामाजिक सञ्जाल बन्द गर्दा जनताको दैनिकीमा पर्ने असरको बारेमा सोच्नु पर्दैन ? आजको प्रविधि र सामाजिक सञ्जालको जमानामा जनतालाई आफ्नो काम अनि परिवारजनसँगको सम्बन्ध नै टुटाउनु सरह छ, यो निर्णय घोर निन्दनीय छ।

सर्वोच्च अदालतको परमादेश कार्यान्वयन गरेको भनेर भनिराख्दा अदालतका परमादेशले त विदेशमा रहेका नेपाली जनतालाई पनि मतदान गर्ने व्यवस्था मिलाउनु पर्छ भनेको छ। त्यो चैं वास्ता नगर्ने अनि यो हामी सबैको दैनिकीसँग जोडिएको सामाजिक सञ्जाल एक झट्कामा नै बन्द गर्ने ?

**भीमार्जुन आचार्य**
**संविधानविद्**



सरकार हो, अलिअलि सरकारजस्तो बन्न खोजेको हो। मलाई यी सञ्जाल बन्द भइहाल्लान् जस्तो लाग्दैन। यसका सञ्चालकहरू कानूनको दायरामा आउँछन् नै। अन्ततः अदालत पनि जनताकै पक्षमा आउनुपर्छ।

## अमेरिकाले फर्काएका १९ जना काठमाडौंमा

काठमाडौं। अमेरिकाले देश निकाला (डिपोर्ट) गरेका थप १९ जना नेपाली बिहीबार साँझ काठमाडौं आइपुगेका छन्। डिपोर्ट भएर नेपाल आउनेमा दुई महिला र १७ पुरुष छन्।

उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले आवश्यक प्रक्रिया पूरा गरेर थप सोधपुछका लागि नेपाल प्रहरीलाई बुझाएको वरिष्ठ अध्यागमन अधिकृत अञ्जन न्यौपानेले जानकारी दिए। यसअघि अमेरिकाबाट विभिन्न चरणमा २ सय १५ नेपाली डिपोर्ट भएर नेपाल आइसकेका छन्। *रासस*

## एमालेको विधान महाधिवेशन आजदेखि

काठमाडौं (संवाददाता)- एमालेको दोस्रो विधान महाधिवेशन शुक्रबारदेखि ललितपुरको गोदावरीमा शुरु हुँदैछ। महाधिवेशनको उद्घाटन पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्ने कार्यक्रम छ।

तीन दिनसम्म चल्ने अधिवेशनमा २ हजार २६ जना प्रतिनिधि र आयोजक ३ सय १५ गरी २ हजार ३ सय ४१ जनाको सहभागिता रहने बताइएको छ। अधिवेशनमा एमाले अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णु पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शंकर पोखरेलले संगठनात्मक प्रतिवेदन पेस गर्ने कार्यक्रम रहेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए।

*बाँकी पृष्ठ २ मा...*

## भित्री पृष्ठमा



**शिक्षा सुधारमा दृढताको खाँचो**

शिक्षामा सबैको पहुँच पुऱ्याउन गाउँसहर र धनीगरिब सबैलाई समान गुणस्तरको शिक्षा दिनुपर्छ, शिक्षकको क्षमता विकासका लागि सबै विद्यालयमा योग्य शिक्षकको व्यवस्था गर्नुपर्दछ *(देवीभक्त ढकालको विचार)*

- **राष्ट्रपतिले फिर्ता गरेको सवैधानिक परिषद् विधेयकमा लाग्यो ब्रेक**
- **झापामा बायोग्यास प्लान्टबाट सुविधा नपाउँदा जनता निराश**
- **स्कुलको दिवा खाजामा भेटियो छेपारो, ८५ विद्यार्थी बिरामी**
- **झुम्का कारागारमा फैलियो रोग, ३ को मृत्यु बिरामी दर्जनौं बिरामी**
- **घुँगीका लागि प्रेमिकाको खोजी**





नेपाल भ्रमणमा आएका भारतको सर्वोच्च अदालतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गवई बिहीबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा । इन्डियन एयरलाइन्सको विमानबाट काठमाडौं अवतरण भएका उनलाई सर्वोच्च अदालतकी न्यायाधीश सपना मल्ल प्रधानले स्वागत गरेकी थिइन । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# संवैधानिक परिषद् विधेयकमा लाग्यो ब्रेक

**संघीय संसद्बाट पारित गरी प्रमाणीकरणका लागि पठाइएको विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले ५ मुख्य सन्देशसहित फिर्ता पठाएका थिए, दलहरू छलफलमा**

- संवैधानिक परिषद्को गठनसम्बन्धी व्यवस्थामा यथास्थितिमै प्रमाणीकरण हुनु संविधानको मर्मविपरीत हुने
- विधेयक प्रथम दृष्टिमै संविधानको धारा २८४ प्रतिकूल
- लोकतान्त्रिक अभ्यास र मान्यता प्रतिकूल
- संवैधानिक अभ्यासले सीमित र संकुचित बनाउने आशंका
- संविधानले प्रत्याभूत गरेका सदस्य रिक्त रहन्छन् भन्ने परिकल्पनामा विधायिकाले कानून बनाउनु उपयुक्त नहुने
- निर्णय सकेसम्म सर्वसम्मत हुनुपर्ने नभएमा कुल संख्याको बहुमतलाई मान्नुपर्ने

news 24
**काठमाडौं, भदौ १९**

प्रतिनिधिसभाको बिहीबारको बैठकमा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन संशोधन विधेयक पारित गर्ने कार्यसूची स्थगित गरिएको छ। विधेयक अगाडि बढाउने गरी प्रतिनिधिसभाको दैनिक कार्यसूचीबाट हटाउने विषयमा कांग्रेस र एमाले सहमत भएपछि स्थगित भएको हो।

संघीय संसदबाट पारित गरी प्रमाणीकरणका लागि पठाइएको विधेयकमा राष्ट्रपति रामचन्द्र पौडेलले सन्देशसहित फिर्ता पठाएका थिए। राष्ट्रपतिको सन्देशलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा दलहरूबीच छलफल चलिरहेको छ।

गत साउन ८ मा राष्ट्रपति पौडेलले प्रमाणिकरण नगरी फेरि पुनर्विचारका लागि संसदमै फिर्ता पठाएका हुन्। सरकारले संवैधानिक परिषद्लाई संविधानको मर्म र भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल भएको सन्देश राष्ट्रपतिले पठाएका थिए।

संविधानको धारा ११३ मा विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्ने विषयमा व्यवस्था छ। 'प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस भएको विधेयक १५ दिनभित्र गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिनुपर्नेछ,' संविधानको धारा ११३ को उपधारा २ मा लेखिएको छ। उपधारा ३ मा प्रमाणीकरणका लागि पठाइएको विधेयकमा चित्त नबुझे सन्देशसहित राष्ट्रपतिले उत्पत्ति भएकै सभामा पठाउन सक्ने अधिकार दिइएको छ।

२०७९ फागुन १२ मा यो संशोधन विधेयक प्रतिनिधिसभामा दर्ता भएको थियो। २०८१ चैत १८ मा प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा गएको थियो। राष्ट्रिय सभाले २०८२ जेठ ३० मा पारित गरेर प्रतिनिधिसभामै फिर्ता पठाएको थियो।

त्यसपछि प्रतिनिधिसभाले २०८२ असार २५ मा पुनः पारित गरेको थियो। दुवै सदनबाट विधेयक पारित भएपछि सभामुख देवराज घिमिरेले प्रमाणीकरणका लागि असार ३१ मा राष्ट्रपतिसमक्ष पठाएका थिए। त्यसको ९ दिनपछि साउन ८ मा राष्ट्रपति पौडेलले पुनर्विचारका लागि विधेयक प्रतिनिधिसभामै फिर्ता पठाइदिएका हुन्। फिर्ता भएको ४३ दिनपछि बिहीबारको प्रतिनिधिसभाको कार्यसूचीमा समावेश भएको थियो।

संशोधन विधेयक फिर्ताका क्रममा राष्ट्रपतिले मुख्य पाँच विषयमा सन्देश पठाएका थिए। संवैधानिक परिषद्को गठनसम्बन्धी व्यवस्थामा विधेयक यथास्थितिमै प्रमाणीकरण हुनु संविधानको मर्मविपरीत हुने सन्देश पठाएका छन्। पारित गरिएको विधेयक प्रथम दृष्टिमै संविधानको धारा २८४ प्रतिकूल रहेको, लोकतान्त्रिक अभ्यास र मान्यता प्रतिकूल देखिएको राष्ट्रपतिको सन्देश थियो। विधेयकमा भएको संवैधानिक अभ्यासले सीमित र संकुचित बनाउने आशंका राष्ट्रपतिले गरेका छन्।

संविधानले प्रत्याभूत गरेका सदस्य रिक्त रहन्छन् भन्ने परिकल्पनामा विधायिकाले कानून बनाउनु उपयुक्त नहुने राष्ट्रपतिको तर्क छ। संवैधानिक परिषद्को निर्णय सकेसम्म सर्वसम्मत हुनुपर्ने नभएमा कुल संख्याको बहुमतलाई मान्नुपर्नेगरी बाटो देखाइदिएका छन्।

'संवैधानिक परिषद्ले गर्ने निर्णयमा जोकोहीको चासो र सरोकार स्वभावैले रहने हुँदा यसप्रतिको जनविश्वास बलियो नै हुनुपर्छ।

संविधानको धारा २८४(१) मा उल्लिखित संवैधानिक परिषद्को अध्यक्ष र अन्य सदस्यलाई स्थायीरूपमा नै राखेको देखिन्छ तर बहाल रहेका सदस्य पनि कुनै अमूक बेलामा बहाल रहँदैनन् वा अनुपस्थित हुन सक्छन् भनी कल्पनातीत अवस्थालाई लक्षित गरी कानून बनाउँदा त्यसले गम्भीर र जटिल परिस्थितिको सिर्जना नगरोस् भन्नेतर्फ पनि मेरो ध्यान आकृष्ट भएको छ' राष्ट्रपतिको सन्देशमा उल्लेख छ।

संवैधानिक परिषद्को निर्णय गर्दाका बखत ५० प्रतिशत उपस्थिति मान्य हुनेगरी गरिएको विधेयकमा गरिएको व्यवस्थामा राष्ट्रपतिको असन्तुष्टि हो। राष्ट्रपतिले अध्यक्ष र बहाल सदस्यको ५० प्रतिशत उपस्थित हुँदा कायम हुनसक्ने सदस्यले मात्र गरेको निर्णयलाई मान्यता दिँदा स्वतः अल्पमतको निर्णय बुझिने भएकाले त्यसलाई परिवर्तन गर्न सन्देशमा सुझाएका छन्।

# सौराहामा रमाइरहेका दुइटा केटा

## बाघको आक्रमणमा परेको 'राम'को देब्रे खुट्टा भाँचिएको थियो भने चारवटै खुट्टा भाँचिएर सिकिस्त 'देव' जीवनमरणको दोसाँधमा थियो

**सनद अधिकारी**
**नारायणगढ (चितवन), भदौ १९**

मुलुकको प्रमुख पर्यटकीय गन्तव्यमध्ये चितवनको सौराहा एक हो। यहाँ आउने जो कोहीले साना गैंडा डुल्दै गरेको देख्न पाउँछन्। मानिससँगको सामीप्यतामा रमाउने यी गैंडाहरू वास्तवमा मान्छेले नै पालेका हुन्।

निकुञ्जका विभिन्न स्थानबाट घाइते भएका गैंडाका बच्चाको यहाँको राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता संरक्षण केन्द्रमा ल्याइएर उपचार र पालनपोषण हुने गरेको छ। यही कारणले गर्दा यिनै गैंडाका बच्चा हाल सौराहातिर डुलिरहेको देखिने हुन्।

सौराहास्थित संरक्षण केन्द्रमा हाल 'राम' र 'देव' नाम दिइएका गैंडाका दुई केटाहरू हुर्किरहेका छन्। गैंडाले प्रायः वैशाख-असारको केटाकेटी जन्माउँछ। प्रारम्भिक जीवनमा तिनीहरूले बाघ, भालुलगायत आक्रमणकारी र अकालको जोखिम भोग्नुपर्छ। हाल केन्द्रमा रहेका राम र देवको उमेर दुई वर्षभन्दा बढी भएको छ। यिनको पालनपोषण कोषका कर्मचारी लालबहादुर महतरा लगायतले गर्दै आएका छन्।

प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत अनिल प्रसाईंका अनुसार 'देव' र 'राम' दुवैलाई बाघको आक्रमणबाट घाइते अवस्थामा उद्धार गरिएको थियो। देवलाई भरतपुरको देवनगरबाट २०८० जेठ ३० मा उद्धार गरिएको हो। रामलाई सौराहाकै बाघमाराबाट सोही वर्षको असार १ मा ल्याइएको थियो। उद्धारका समयमा दुवै केटा १५-२० दिनका मात्रै थिए। प्रसाईंले भने, 'त्यसताका हामीले अत्यन्त दयनीय अवस्थामा भेटाएका थियौं।'

रामलाई उद्धार गर्दा नजिकै एउटा गैंडा मात्र देखिएको थियो, उसलाई रामकै माउ भन्ने पुष्टि गर्न नसकिएको उनले बताए। 'पोथी गैंडाले बच्चा आफ्नो रहेको स्वीकार गऱ्यो गरेन वा त्यो बच्चा उसको हो कि होइन भन्ने पक्का भएन। घाइतेजस्तो पनि देखिएको थिएन। हामीले हात्तीको सहायताले बच्चालाई आमासँग मिलाउने प्रयास गर्दा त्यो माउ गैंडा भाग्यो। त्यसपछि रामलाई यहाँ ल्याएर हेर्दा देब्रे खुट्टा भाँचिएको पाइयो, बाघले टोकेर छाडेको रहेछ। अनि उपचार र पालनपोषण गरिएको हो।'

त्यसैगरी देवनगरबाट उद्धार गरिएको देवका चारवटै खुट्टा भाँचिएका थिए। बाँच्छ कि बाँच्दैन भन्ने शंका थियो। बाघले निकै घाइते बनाएका यो केटोको अवस्था हाल सुधार भएको छ।

केन्द्रका चिकित्सक डा अमिर सडौलाले यहाँ ल्याइएका गैंडाका बच्चा धेरैजसो बाघको आक्रमणमा परेका घाइते भएको पाइएको बताए। 'यहाँ ल्याइएका गैंडाका बच्चामध्ये करिब ७०



प्रतिशत बाघको आक्रमणमा परेर आउँछन्, बाँकी अन्य कारण वा भालेको आक्रमणका कारण घाइते हुने गर्छन्,' उनले भने, 'यहाँ ल्याएपछि मानिसको जस्तै उपचार गरिन्छ। घाइते गैंडाको पिसाब र शौच सामान्य भएमा बाँच्ने सम्भावना बढी हुन्छ।'

गैंडाको स्वभाव प्रतिरोधात्मक र प्राकृतिक रूपमा निको हुने क्षमता बढी हुने भएकाले सामान्यतया विशेष उपचारको आवश्यकता कम पर्ने सडौलाको भनाइ छ। यहाँ हुर्काइएका केही गैंडा अन्य देशमा उपहारस्वरूप पठाइएको र केहीलाई प्राकृतिक रुपमा वनमा पुनःस्थापन गरिएका छन्। पुष्पा र अञ्जलीलाई कोशी टप्पु वन्यजन्तु आरक्षमा, बांगे, बिरु, पूजा र माइला नाम दिइएका गैंडालाई काठमाडौंस्थित चिडियाखाना पठाइएको छ। यस्तै ब्युटी र जंगेलाई अष्ट्रियाको भियना चिडियाखाना तथा सोल्टीलाई चीनको शांघाई चिडियाखाना पठाइएको छ।

वरिष्ठ संरक्षण अधिकृत प्रसाईंका अनुसार पछिल्लो चार दशकदेखि कोषले बाघ, गैंडालगायत घाइते वन्यजन्तुहरूको उद्धार, उपचार तथा संरक्षण गर्दै आएको छ। हालसम्म २० वटा गैंडाका बच्चा उद्धार गरिएकामध्ये १३ वटा बाँचेका छन्। गैंडा चार वर्षपछि वयस्क हुन्छ। वयस्क भएपछि व्यवस्थापन गरिने उनले बताए।

हाल केन्द्रमा रहेका राम र देवलाई प्राकृतिक वातावरणसँग घुलमिल हुने अभ्यास गराइँदैछ। उनीहरू प्रायः निकुञ्ज तथा सौराहा आसपासको क्षेत्रमा घुम्ने गर्छन्, जसले यहाँ आउने पर्यटकलाई आकर्षित गरेको छ।

गैंडाका ६ वटा बच्चालाई हुर्काइसकेका केन्द्रका वन्यजन्तु प्राविधिक लालबहादुर महतरा यी केटाको स्याहारमा संलग्न छन्। उनले दूध एवं आहार खुवाउने गर्छन्। 'बच्चा अवस्थामा दुई-दुई घण्टाको अन्तरमा दूध खुवाउनुपर्ने हुन्छ भने अलि ठूला भएपछि मकैको कुँडो र अन्य आहार दिन सुरु गरिन्छ,' महतराले भने, 'मैले हासम्म देव, राम, पूजा, माइला, पुष्पा र अञ्जली नामक गैंडाहरू हुर्काइसकेको छु। यहाँ ल्याउँदा हिँड्नसमेत नसक्ने अवस्थाका देव र राम पनि विस्तारै तंग्रिँदै छन्।'

यहाँ संरक्षण गरिने केटाकेटीलाई सुरुमा दैनिक करिब दुई केजीसम्म ल्याक्टोजिन दूध दिइन्छ। ठूलो हुँदै गएपछि दूधको मात्रा क्रमशः बढाउँदै मकैलगायत अन्य आहार पनि खुवाइने कोषका डा. सडौलाले बताए। उनका अनुसार गाईभैंसीको दूध गैंडाका बच्चाले पचाउन सक्दैन किनभने त्यसको फ्याट र प्रोटिन संरचना पाचन प्रणालीसँग मेल खाँदैन। त्यसैले बच्चा अवस्थामा खानपानमा विशेष ख्याल राख्न आवश्यक हुने उनको भनाइ छ।

बच्चाहरूका बचपनमै बढी कुरा सिक्ने भएकाले माउको माया र साथबाट वञ्चित हुँदा उनीहरू प्राकृतिक वातावरणसँग सहजै घुलमिल हुन नसक्ने भएकाले सोहीअनुसार आफूहरूले व्यवस्थापन गर्ने गरेको वरिष्ठ संरक्षण अधिकृत प्रसाईंको भनाइ छ। उनले भने, 'कोशीमा लगिएका गैंडालाई पनि त्यही उद्देश्यका लागि नयाँ बासस्थानमा लगिएको हो। माउ गैंडासँग हुँदा बच्चाले खान, हिँड्न र शत्रुबाट जोगिने सीप सिक्छ, तर मान्छेका संरक्षणमा हुर्काइएका यिनीहरूले माउको मार्गदर्शन नपाउने भएकाले अन्य गैंडाको हुलसँग घुलमिल हुन केही कठिनाइ हुन्छ।'

*रासस*

# प्रहरी महानिरीक्षक खापुङलाई दर्ज्यानी चिह्न



काठमाडौं- नवनियुक्त प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले बिहीबार दर्ज्यानी चिह्न लगाएका छन्। गृह मन्त्रालयमा आयोजित समारोहबीच गृहसचिव गोकर्णमणि दुवाडीले उनलाई दर्ज्यानी चिह्न लगाइदिएका हुन्।

नवनियुक्त प्रहरी महानिरीक्षक खापुङले आफूले सकेको राम्रो गर्ने बताए। 'सकेको राम्रो गर्छु तर, नराम्रो गर्नेछैन,' उनले भने, 'सकल दर्जाको हित र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको छु।' अपराध अनुसन्धानमा चुनौती रहेको उल्लेख गर्दै उनले एआई, साइबर अपराध, क्रिप्टोसम्बन्धी अपराधसहित अन्तर्राष्ट्रियस्तरका अपराध नियन्त्रण गर्न प्रहरीको क्षमता विस्तार गर्नुपर्नेमा जोड दिए। तेह्रथुमको गाउँबाट सुरु भएको आफ्नो यात्रा प्रहरी महानिरीक्षकसम्म पुगेको स्मरण गर्दै उनले प्रहरीलाई प्रविधि र स्रोत-साधनले सम्पन्न बनाउन आवश्यक रहेको बताए। *रासस*

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/०५/२०

यस बैंकको निक्षेपकर्ता श्री सुदिष्ठ नारायण यादवको बुहारी, राम नरेश यादवको छोरी, मनोज कुमार यादवको पत्नी, सिरहा जिल्ला नरहा गा.वि.स. वडा नं.०५ बस्ने वर्ष ३१ को **ममता कुमारी यादव** (ना.प्र.नं.१५-०१-७५-०६९२१, जारि मिति २०७५/०६/२२, सिरहा) को मिति २०८२/०४/१९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको पति **मनोज कुमार यादव**ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको पति **मनोज कुमार यादव**को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## एमालेको विधान...

पार्टी अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणसहित मुख्य चुनौती, पार्टीको कार्यदिशा र कार्यभार स्पष्ट गर्ने बताइएको छ। उपाध्यक्ष पौडेलको प्रस्तुतिमा विधान संशोधन प्रस्तावसहित ७० वर्षे उमेर हदका विषयमा छलफल हुनेछ। साथसाथै २ सय ५१ सदस्यीय केन्द्रीय कमिटीमध्ये एक तिहाइ पोलिटब्यूरो र १५ जना केन्द्रीय पदाधिकारीको स्थायी कमिटी रहने नयाँ व्यवस्था प्रस्तावित गरिने भएको छ।

पार्टीको केन्द्रीय अनुशासन आयोगका तर्फबाट अध्यक्ष केशव वडाल, केन्द्रीय लेखा आयोगका तर्फबाट अध्यक्ष पुष्प कँडेल, केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहोराले आ-आफ्ना विषयका प्रतिवेदन प्रस्तुत गर्नेछन्। .विधान महाधिवेशनको पूर्वसन्ध्यामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पक्षले चारवटा विषयमा फरक मत राखेका छन्। भण्डारी निकट एमाले स्थायी समिति सदस्य कर्ण थापाले बिहीबार एमाले केन्द्रीय कार्यालयमा फरक मत दर्ता गराएका हुन्। पार्टीमा ७० वर्षे उमेर हद र दुई कार्यकाल भन्दा बढी अध्यक्ष हुन नहुने विषयलाई भण्डारी पक्षले उठाएको हो।

एमाले केन्द्रीय कमिटीले पूर्वराष्ट्रपति भण्डारीलाई सदस्यता नवीकरण नगरी राजनीतिमा आउन रोक्ने निर्णय गरेको थियो। केन्द्रीय कमिटीको सो निर्णयविरुद्ध वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवालीले फरक मत र अभिव्यक्ति दिएका छन्।

## सामाजिक सञ्जाल...

त्यसै मुद्दामा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसमेतको बृहत् पूर्ण अर्थात ९ जना न्यायाधीश सम्मिलित इजलासले प्रविधिको विकाससँगै सामाजिक सञ्जाललाई नियमन गर्न कानूनी व्यवस्थाको लागि व्याख्यासहितको आदेश गरेको थियो।

सर्वोच्चले २०८१ असोज १३ मा गरेको आदेशको पूर्णपाठ साउनमा सार्वजनिक गरेको थियो। सर्वोच्चका देश विदेशबाट चलाइने अनलाइन, सामाजिक सञ्जालका प्लेटफर्म अनिवार्य दर्ता गर्नुपर्ने गरी कानून बनाउन सरकारका नाममा आदेश गरेको हो।

सर्वोच्चले डिजिटल प्लेटफर्मलाई अनलाइन, सामाजिक सञ्जाल प्लेटफर्महरू सञ्चालन पूर्व अनिवार्य रुपमा साधिकार निकायमा दर्ता गरी प्रेस काउन्सिल लगायतका नियमनकारी निकायबाट नियमन हुनसक्ने गरी आवश्यक कानूनी प्रबन्ध गर्न भनेको छ।

नागरिकहरूलाई सूचना प्रवाहमा प्रेस स्वतन्त्रताको महत्वबारे विभिन्न प्रकरणहरूमा व्यापक रुपमा विश्लेषण भइसकेको छ। 'आम सञ्चार र प्रेस स्वतन्त्रताको कुरा महत्वपूर्ण छ त्यसरी नै गलत सूचना प्रवाह गर्ने कार्यलाई निरुत्साहित गर्नु पनि उत्तिकै आवश्यक हुन्छ,' सर्वोच्चले भनेको छ, 'विचार अभिव्यक्तिको स्वतन्त्रता र सञ्चारको हकलाई जसरी राज्यले संरक्षण गर्नु जरुरी हुन्छ त्यसरी नै गलत सूचना नियन्त्रण गर्नु पनि राज्यको दायित्व हुन्छ।'

प्रेस काउन्सिलको क्षमतामा पनि सर्वोच्चले चिन्ता गरेको छ। काउन्सिलको विकास हुनुपर्नेमा जोड दिएको छ। आदेशमा भनिएको छ, 'आवश्यक अध्ययन गरी प्रेस काउन्सिलको क्षमता विकास, प्रेस स्वतन्त्रताको अझ उन्नत तरिकाले संरक्षण र संवर्द्धनमा प्रेस क्षेत्रका नीतिगत, कानूनी र संरचनागत सुधारका विषयमा आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रेस काउन्सिलमा लेखी पठाउनू।'

सरकार यसपटक सामाजिक सञ्जाल सञ्चालक कम्पनीविरुद्ध कडा रुपमा प्रस्तुत हुँदा असर दूरगामी हुने देखिएको छ। बन्द गर्ने सूचीमा राखिएको युट्युवको माउ कम्पनी गुगल हो। गुगलका इमेल सर्वत्र प्रयोगमा छ। सरकारी सेवामा पनि अत्यधिक जीमेल प्रयोग हुने गरेको छ। यद्यपि गुगलले प्रतिक्रिया दिइसकेको छैन।

म्यासेजिङ सेवा म्यासेन्सजर र ह्वाट्सएप मेटाको हो, जसको फेसबुक संसारभर प्रयोग हुन्छ। म्यासेन्जर र ह्वाट्सएप धेरै प्रयोग हुने म्यासेजिङ सेवा हो। मोबाइल नम्बरका आधारमा रजिस्टर हुने र सितैं चलाउन सकिने ह्वाट्सएपको प्रयोग विधि सजिलो छ। नेपालमा सरकारी कर्मचारी, नेता र व्यापारीले यो सेवा अत्यधिक प्रयोग गर्छन्। यो सेवा बन्द हुँदा असर दूरगामी हुने अनुमान सहजै गर्न सकिन्छ। सरकारले सेवा बन्दको नियमन गर्न पनि सजिलो छैन। यद्यपि धेरैले यस्ता सेवा प्रदायक छिटै सूचीकरणमा अउने आस राखेका छन्।

**डा. शेखर कोइराला**
**कांग्रेस नेता**



जनचाहना र आफ्नै प्रतिबद्धताअनुरुप काम गर्न नसकेपछि आलोचना खेप्न बाध्य भएको सरकारले अदालतको आदेशको बहानामा सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक छ। यस निर्णयका कारण कति नेपालीको रोजीरोटीसमेत खोसिन्छ। यो सरकारले अन्दाज लगाउन सक्छ? यस्तो कदम तुरुन्त सच्याउन र सामाजिक सञ्जाललाई मर्यादित गर्ने गरी नियमन गर्न म आग्रह गर्न चाहन्छु।

## आजको राशिफल

**मेष**
सकारात्मक सोचले दिनको सुरुआत हुनेछ। सामाजिक कार्यमा सहभागी भइनेछ। पारिवारिक सहयोग पाउने समय छ। तर, खर्च बढ्न सक्छ, आर्थिक निर्णय सोचविचार गरी लिनुहोला।

**वृष**
पढाइलेखाइ वा नयाँ ज्ञान प्राप्तिमा प्रगति हुनेछ। प्रेम र मित्रता प्रगाढ बन्नेछ। साँझतिर सानो भ्रमण वा भेटघाटको योग छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोस्।

**मिथुन**
आफ्ना विचार र भावना व्यक्त गर्न सहज हुनेछ। कामकाजमा स्थिर प्रगति हुनेछ। तर, बोल्दाखेरि विवाद आउन सक्ने भएकाले संयम अपनाउनु राम्रो हुनेछ।

**कर्कट**
पारिवारिक वातावरण शान्तिपूर्ण रहनेछ। आत्मबल बढ्नेछ। नयाँ योजना बनाउने दिन हो। तर, अड्किएको काममा ढिलाइ हुन सक्छ। धैर्य गर्नुस्।

**सिंह**
कामको प्रशंसा पाउने दिन छ। व्यावसायिक फाइदा हुने सम्भावना छ। तर, खर्चमा नियन्त्रण नहुँदा बजेट गडबड हुन सक्छ। व्यस्त दिन बित्नेछ।

**कन्या**
धेरै कुरामा मन जाने दिन हो। छोटो यात्राको योग छ। पुराना साथीभाइसँग भेटघाटले ऊर्जा दिनेछ। स्वास्थ्यमा सानोतिनो समस्या देखिन सक्छ, खानपानमा ध्यान दिनुहोस्।

**तुला**
अप्रत्याशित लाभको संकेत देखिन्छ। जग्गा-जमिन वा धनसम्बन्धी विषयमा चलखेल हुन सक्छ। तर, कानुनी वा सरकारी काममा अलमल हुन सक्ने समय हो।

**वृश्चिक**
साझेदारी वा सम्बन्धमा विवाद सुल्झिनेछ। मित्र वा प्रियजनबाट सहयोग पाइनेछ। आफ्नो काममा ध्यान केन्द्रित गर्न सके राम्रो उपलब्धि पाउन सकिन्छ।

**धनु**
व्यवसायमा नयाँ अवसर देखिनेछ। स्वास्थ्यमा सुधार आउनेछ। पुराना समस्याहरू सुल्झने संकेत छ। तर, गुप्त शत्रुबाट सावधानी अपनाउनु उत्तम।

**मकर**
मन हल्का र रमाइलो अनुभव हुनेछ। प्रेम सम्बन्धमा नयाँपन आउन सक्छ। सन्तान सम्बन्धी विषयमा खुसीको खबर प्राप्त हुन सक्छ। जीवनशैलीमा सुधार ल्याउनु राम्रो।

**कुम्भ**
पारिवारिक वा घरेलु कामले समय लिनेछ। सन्तुलन बनाउन प्रयास गर्नुहोस्। घरको सजावट वा मर्मतका काममा लगानी बढ्न सक्छ। खर्चमा संयमता अपनाउनुहोस्।

**मीन**
बौद्धिक क्षमताको कदर हुनेछ। अध्ययन, लेखन वा अनुसन्धानमा मन जानेछ। मितव्ययी हुनु पर्ने दिन हो, नत्र फजुल खर्च बढ्नेछ। प्रेममा मिठास रहनेछ।

# सुदूरपश्चिममा बर्सेनि अरबौंको खाद्यान्न आयात



**सुशील ढुंगाना / निराजन परियार**
**कैलाली, भदौ १९**

सुदूरपश्चिम प्रदेशमा बर्सेनि अर्बौं रुपैयाँ बराबरको खाद्यान्न, फलफूल र तरकारी भारतबाट आयात हुने गरेको छ। उत्पादन नहुँदा बढ्दो परनिर्भरता, योजना कार्यान्वयनमा कमजोरी र बिचौलियाको वर्चस्वका कारण सरकारको कृषि आत्मनिर्भरतासम्बन्धी लक्ष्य पूरा हुन सकेको छैन।

प्रदेशकै प्रमुख नाका त्रिनगर भन्सारबाट मात्र आर्थिक वर्ष २०८१/८२ मा एक अर्ब ४६ करोड ३४ लाख रुपैयाँभन्दा बढीको खाद्यान्न, ५९ करोड ७४ लाखको फलफूल र ६४ करोड १३ लाखको तरकारी आयात गरिएको कैलाली भन्सार कार्यालयले जनाएको छ। चालु आर्थिक वर्षको साउन महिनामा मात्र ५७ करोड ८० लाख रुपैयाँ बराबरको खाद्यान्न आयात भइसकेको सूचना अधिकारी खिमप्रसाद अर्यालले जानकारी दिए।

उत्पादन कम भएकै कारण सुदूरपश्चिमले आवश्यक खाद्यान्नको ठूलो हिस्सा भारतबाट आयात गर्न बाध्य भएको हो। कृषि निर्देशनालय दिपायल डोटीका अनुसार कैलाली, कञ्चनपुर र अछाम बाहेक अन्य ६ पहाडी जिल्लामा खाद्यान्न संकट देखिएको छ।

प्रदेशको कुल जनसंख्या करिब २६ लाख ९५ हजार रहेकोमा वार्षिक पाँच लाख १४ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्छ। तर, गत वर्ष कुल उत्पादन छ लाख ८३ हजार मेट्रिक टन मात्र रहेको थियो। विशेषज्ञहरूका अनुसार यस वर्ष उत्पादन झनै घट्ने अनुमान गरिएको छ।

कृषि निर्देशनालयका महानिर्देशक खगेन्द्रप्रसाद शर्माका अनुसार उत्पादन घट्नुको मुख्य कारण सरकारी योजनाको सही कार्यान्वयन नहुनु, सिँचाइको अभाव, उर्वर भूमि बाँझो रहनु र बिचौलियाको प्रभाव नै हुन्।

प्रदेशका तीनै तहका सरकारले कृषि क्षेत्रमा अनुदान, बीमा तथा प्रोत्साहनका कार्यक्रम ल्याए पनि ती योजनामा बिचौलियाको प्रभाव हावी रहेको स्थानीय कृषक खेम घर्ती मगर बताउँछन्। 'अनुदान, मलबिजदेखि उपकरणसम्म पहुँचवालाले पाउँछन्, किसानको हात खाली हुन्छ,' उनले भने।

सरकारले कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गरी आत्मनिर्भर बनाउने योजना सार्वजनिक गरे पनि त्यसको कार्यान्वयन पक्ष कमजोर देखिएको छ। उत्पादनका हिसाबले नेपालको कृषि अझै पनि परम्परागत प्रणालीमा अडिएको छ। अधिकांश खेती आकासे पानीमा निर्भर छ भने, खेतीयोग्य भूमि घडेरीकरण र अतिक्रमणको चपेटामा परिरहेको छ।

कृषि विज्ञहरूका अनुसार उर्वर जमिनलाई बाँझो राख्न नपाउने कानूनको अभाव, वैज्ञानिक मूल्य निर्धारण प्रणालीको अभाव र सीमित व्यक्तिबाट ठूलो जमिन अतिक्रमण हुनु खाद्य संकट बढाउने प्रमुख कारण हुन्। सुदूरपश्चिम प्रदेशको कृषिमा लगानी त छ, तर न उत्साही किसान छन्, न त प्रभावकारी योजना कार्यान्वयन नै। जबसम्म योजनाहरू किसानमुखी हुँदैनन् र बिचौलिया हटाइँदैन, तबसम्म अरबौंको खाद्यान्न आयात रोक्ने सम्भावना देखिदैन।

# दिवा खाजामा छेपारो, ८५ विद्यार्थी अस्पताल भर्ना



**विष्णु गुप्ता / किरण कर्ण**
**महोत्तरी, भदौ १९**

विद्यालयमा दिइएको दिवा खाजामा मरेको छेपारो फेला परेपछि एकैचोटी ८५ जना विद्यार्थी अस्पताल भर्ना भएका छन्।

महोत्तरीको पिपरा गाउँपालिका वडा नम्बर ६ रतौलीस्थित आदर्श माध्यमिक विद्यालयमा बिहीबार दिउँसो दिइएको सुजीको हलुवामा छेपारो परेको सूचना पाएपछि अभिभावकको चासो र आक्रोशबीच विद्यार्थीहरूलाई जनकपुरस्थित प्रादेशिक अस्पताल लगिएको हो।

एक विद्यार्थीले आफ्नो थालमा छेपारो देखेपछि खाजा नखाई घर फर्केर अभिभावकलाई जानकारी गराएका थिए। पछि अन्य विद्यार्थी र अभिभावकले पनि खाजामा अस्वाभाविक गन्ध आएको तथा केहीले वाकवाकी लागेको बताएपछि तत्काले ८५ जनालाई अस्पताल लगिएको जानकारी छ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामनारायण महतोका अनुसार हालसम्म कुनै विद्यार्थीमा गम्भीर समस्या देखिएको छैन। सुरक्षाका लागि सबैलाई स्वास्थ्य परीक्षणमा लगिएको हो। घटना सार्वजनिक भएसँगै विद्यालयमा अभिभावक आक्रोशित बनेका थिए। केही अभिभावकले प्रधानाध्यापक दिनेश दासमाथि आक्रोश पोख्दै चप्पल प्रहार गरेका थिए भने विद्यालयमा सामान्य तोडफोड पनि भएको थियो।

स्थिति तनावपूर्ण बनेपछि इलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरी टोलीले अवस्था नियन्त्रणमा लिएको थियो।

अभिभावकहरूले विद्यालय प्रशासनको लापरवाहीका कारण बालबालिकाको स्वास्थ्य जोखिममा परेको भन्दै दोषीमाथि तत्काल कारबाहीको माग गरेका छन्। उनीहरूले विद्यालय प्रशासन र खाजाको व्यवस्थापन गर्ने पक्षप्रति प्रश्न उठाउँदै विद्यालय परिसरमै विरोध जनाएका छन्।

सरकारी पोषण कार्यक्रमअन्तर्गत सञ्चालित दिवा खाजा कार्यक्रमअन्तर्गत दिइएको खाजामा यति ठूलो लापरवाही देखिनु गम्भीर विषय भएको अभिभावकहरूको भनाइ छ। पिपरा गाउँपालिकाका शिक्षा शाखाले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिएको छ।

यस घटनाले विद्यालयमा सञ्चालित पोषण कार्यक्रमहरूको गुणस्तर र निगरानी प्रणालीबारे प्रश्न उठाएको छ। अभिभावक र सर्वसाधारणले यस्ता कार्यक्रममा पारदर्शिता, जवाफदेहिता र नियमित अनुगमनको माग गरेका छन्।



दार्चुलाको व्यास गाउँपालिका वडा नम्बर १, तिंकरका ६० वर्षीय खच्चड व्यवसायी जयसिंह खाती आकस्मिक बिरामी परेपछि तिंकरमा स्वास्थ्य सुविधा नहुँदा भारतीय बाटो हुँदै जिल्ला अस्पताल दार्चुला ल्याइँदा पनि उपचार सम्भव नभएपछि थप उपचारका लागि धनगढी रिफर गरिएको छ। खातीलाई सीतापुरसम्म स्टेचरमा बोकेर लैजाँदै स्थानीय बासिन्दा र सुरक्षाकर्मी। *तस्बिरः नरेन्द्रसिंह कार्की/रासस*

# भुम्का कारागारमा रोग फैलिँदा तीन कैदीको मृत्यु, दर्जनौं बिरामी

**मनोज भुजेल**
**सुनसरी, भदौ १९**

सुनसरीको झुम्का कारागारमा ज्वरो, श्वासप्रश्वासमा समस्या र बान्ता हुने लक्षणसहितको रोग फैलिँदा तीनजना कैदीबन्दीको ज्यान गएको छ भने दर्जनौं बिरामी परेका छन्। रोग फैलिन थालेपछि १९ जना बिरामीलाई तत्काल धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको छ।

मृत्यु हुनेहरूमा जबर्जस्ती करणी मुद्दामा सजाय काटिरहेका सप्तरी, राजविराज वडा नम्बर ८ का ४६ वर्षीय जलेश्वर यादव, कर्तव्य ज्यान मुद्दामा २५ वर्षको सजाय भोगिरहेका सुनसरी गढी गाउँपालिका वडा नम्बर ६ का ४८ वर्षीय रामदेव उराँव र लागुऔषध मुद्दामा पुर्पक्षमा रहेका धरान-१० का २४ वर्षीय सागर राई छन्।

झुम्का कारागारका निमित्त प्रमुख राम निरौलाका अनुसार बिरामीको संख्या अचानक बढेपछि जिल्ला प्रशासन कार्यालय सुनसरीसँग समन्वय गरी बुधबार रातिदेखि कैदीबन्दीको स्वास्थ्य परीक्षण सुरु गरिएको छ। प्रारम्भमा ६ जनालाई अस्पताल पठाइए पनि अवस्था गम्भीर देखिएपछि थप १३ जनालाई पनि उपचारका लागि बीपी प्रतिष्ठान पठाइएको हो।

बुधबार रातिदेखि सुरु गरिएको स्वास्थ्य परीक्षणअन्तर्गत अहिलेसम्म तीन सय ५३ जना कैदीको परीक्षण गरिएको छ। परीक्षणमा संलग्न चिकित्सक टोलीमा जिल्ला अस्पताल सुनसरी, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र इटहरीको वेदान्त अस्पतालका विशेषज्ञहरू सहभागी छन्।

जिल्ला अस्पताल सुनसरीकी अस्पताल म्यानेजर बालकुमारी तामाङका अनुसार अधिकांश बिरामीहरूमा उच्च ज्वरो, श्वासप्रश्वासमा समस्या र वान्ता हुने लक्षण देखिएको छ। प्रारम्भिक परीक्षणपछि मात्र यसको कारण र रोग पहिचान हुने जानकारी उनले दिइन्।

कैदीहरूको स्वास्थ्य अवस्था दिनप्रतिदिन बिग्रँदै जानु र छोटो समयमा तीन जनाको मृत्यु हुनु गम्भीर संकेत भएको अधिकारकर्मीहरू बताउँछन्। झुम्का कारागारमा हाल १७ सय ९४ जना कैदीबन्दी छन्। उनीहरूमध्ये अधिकांश दीर्घकालीन सजाय भोगिरहेका छन्।

यस घटनाले जेल भित्रको स्वास्थ्य सेवा, सरसफाइ, पोषण तथा आकस्मिक व्यवस्थापनको अवस्था र सरकारी निगरानी प्रणालीमाथि प्रश्न उठाएको छ। स्वास्थ्यकर्मीहरूको टोलीले परीक्षण जारी राखेको छ भने कारागार प्रशासनले थप सतर्कता अपनाएको जनाएको छ।

# प्याब्सन लघुकथा प्रतियोगितामा शिक्षा मिश्रा प्रथम



विराटनगर - निजी विद्यालयहरूको छाता संगठन प्याब्सन विराटनगरले विद्यार्थीहरूलाई सिर्जनशील बनाउने उद्देश्यले आयोजना गरेको लघुकथा लेखन कार्यशाला तथा प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको छ।

कार्यक्रमअन्तर्गत पूर्वाञ्चल विद्या सदन बोर्डिङ स्कुलकी शिक्षा मिश्रा प्रथम, सगरमाथा सेकेण्डरी बोर्डिङ स्कुलकी सुविक्षा अधिकारी द्वितीय, र दिल्ली पब्लिक स्कुलकी प्रेरणा पण्डित तृतीय भएका छन्। त्यस्तै, पोलस्टार स्कुलका रिदम दाहाल र एजेलिया सेकेण्डरी बोर्डिङ स्कुलकी प्रशंसा कट्टेल सान्त्वना पुरस्कारका लागि छनोट भए।

'प्याब्सन-अल्फा लघुकथा लेखन कार्यशाला तथा प्रतियोगिता' शीर्षकमा बिहीबार सम्पन्न कार्यक्रममा ३२ जना विद्यार्थी सहभागी थिए। कार्यक्रमको संयोजन लघुकथाकार परशुराम घिमिरेले गरेका थिए। उनले सहभागीहरूलाई लघुकथाको आधारभूत संरचना, आवश्यक तत्त्वहरू र प्रभावकारी लेखन शैलीबारे प्रशिक्षण दिएका थिए।

प्रतियोगिताको मूल्यांकनको जिम्मा साहित्यकार मुक्तिनाथ घिमिरेले सम्हालेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै विराटनगर प्रज्ञा प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले प्याब्सन विराटनगरले विद्यार्थीहरूमा साहित्यिक चेतना जगाउने उल्लेखनीय प्रयास गरेको भन्दै प्रशंसा व्यक्त गरे। उनले विद्यार्थीहरूलाई सिर्जनात्मक लेखनतर्फ लाग्न प्रोत्साहन गरे।

प्याब्सन मोरङका उपाध्यक्ष विष्णु डंगोलले शिक्षासँगै अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीको सहभागिता आवश्यक भएको भन्दै यस्ता कार्यक्रमले प्रतिभा उजागर गर्न सहयोग पुऱ्याउने बताए।

त्यस्तै, कवि तथा पत्रकार मीनकुमार नवोदितले सिर्जनामा लाग्ने मानिस कहिल्यै 'पूर्व' हुँदैन भन्ने उदाहरण प्रस्तुत गर्दै साहित्यको अमरता बारे बोले।

कार्यक्रममा विजयी विद्यार्थीहरूलाई पदक, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि प्याब्सन मोरङका उपाध्यक्ष विष्णु डंगोल, विशिष्ट अतिथि विवश पोखरेल, मीनकुमार नवोदित, आयोजक अध्यक्ष अर्जुन श्रेष्ठ, उपाध्यक्ष अशोक लामा, प्रशिक्षक परशुराम घिमिरेलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमका आयोजक संस्थाका अध्यक्ष अर्जुन श्रेष्ठका अनुसार प्याब्सन विराटनगरले साहित्य लेखन मात्र नभई चित्रकला, वक्तृत्वकला, खेलकुदजस्ता अन्य अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीलाई समानरूपमा सहभागी गराउँदै आएको छ।

शिक्षा प्रणालीलाई समग्रतामा समेट्दै विद्यार्थीलाई बहुआयामिक विकासको अवसर दिन यस्ता गतिविधिहरू प्रभावकारी हुने श्रेष्ठको विश्वास छ।

# दूधको बक्यौता नपाएपछि किसान निजी डेरीमा

विराटनगर- लामो समयदेखि दूधको बक्यौता रकम नपाउँदा विराटनगरलगायत पूर्वका किसानहरू निजी डेरीमा दूध बिक्री गर्न थालेका छन्। विराटनगर दुग्ध वितरण आयोजनामाथि करिब १६ करोड ६१ लाख रुपैयाँ बराबरको दूध बक्यौता बाँकी रहेको जनाएको छ।

किसानहरूसँग दैनिक झण्डै १५ हजार लिटर दूध संकलन गर्दै आएको आयोजनाले अहिले भने संकलन घटेर १० देखि १२ हजार लिटरमा सीमित भएको छ। आयोजनाका अनुसार दूध तथा दुग्धजन्य उत्पादनको बिक्री वृद्धि हुँदै गए पनि बक्यौता रकम भने अझै पनि पर्याप्त मात्रामा भुक्तानी गर्न सकिएको छैन।

विराटनगर दुग्ध वितरण आयोजनाका निमित्त प्रमुख हिरबहादुर मगरका अनुसार २०८२ असार मसान्तसम्म करिब साढे १९ करोड रुपैयाँ बराबरको भुक्तानी बाँकी रहेको छ। त्यसमा पनि फागुनदेखि साउन मसान्तसम्मको ६ महिनाको बक्यौता मात्र अझै तिर्न बाँकी छ।



सम्पादकीय

# प्रधानमन्त्री ओलीको भ्रमण र परराष्ट्र सम्बन्ध

*प्रधानमन्त्री के पी शर्मा ओली पाँचदिने चीन भ्रमण सकेर बुधबार राति स्वदेश फिर्नुभएको छ। उहाँ चीनको तियानजिनमा सम्पन्न सांघाई सहयोग संगठनको पच्चीसौं शिखर सम्मेलनमा सहभागी हुन चीनले जापान विरुद्धको युद्धमा विजय प्राप्त गरेको असीऔं वार्षिकोत्सवको उपलक्षमा आयोजित परेडमा सहभागी हुन जानुभएको थियो।*

*तर उहाँ त्यता प्रस्थान गर्ने दुई दिन अघि मात्र नेपाली भूमि लिपुलेक लिम्पियाधुरा कालापानी क्षेत्रको मार्ग हुदै व्यापार गर्ने विषयमा नेपाललाई सरोकार नराखी भारत र चीनबीच सम्झौता भएका कारण स्थिति जटिल पनि बन्न पुगेको थियो। सो नेपालको भूमिलाई भारतले आफ्नो नक्सामा समेटेको र चीनले पनि भारतसँग मिलेर सो क्षेत्रको मार्ग प्रयोग गरेर व्यापारिक सम्झौता गरेको अवस्थामा नेपालले यसको हल कूटनीतिक पहलमार्फत गर्नुपर्ने आवाज उठिरहेको सन्दर्भमा हालैमा प्रधानमन्त्री केपी शर्मा ओली चीनको भ्रमण सम्पन्न भएको छ।*

*प्रम ओली भ्रमणको औपचारिक उद्देश्य एससीओको शिखर सम्मेलनमा सहभागी भई सो संगठनमा नेपालको सहभागिताको स्तर अभिवृद्धि गर्नुका साथै सोमार्फत नेपालको राष्ट्रिय हित प्रवर्धन गर्नु रहेको थियो। तर वास्तवमा अहिलेको हाम्रो राष्ट्रिय चिन्ता भनेको लिपुलेक र लिम्पियाधुराको मुद्दा हो। नेपालले काली नदीको स्रोत लिम्पियाधुरा हो भनी प्रमाणसहित दाबी गरिरहेको छ, तर भारतले राजनीतिक रूपमा अस्वीकार गर्दै आएको छ। भारत द्विपक्षीय वार्तामार्फत मात्र समाधान खोज्न चाहन्छ तर वर्षौंको कूटनीतिक पत्राचार पनि अनुत्तरित छन्।*

*चीन पनि प्रत्यक्षरूपमा नेपालसँग सहमति नगरी भारतसँग सम्झौता गरिरहेको छ, जुन नेपालको विश्वासविपरीत मानिएको छ। यस अवस्थामा सो सम्मेलनमा पुगेका भारतीय प्रधानमन्त्री नरेन्द्रदाश दामोदर मोदी र चीनियाँ राष्ट्रपति सी जिनपिङसँगको प्रधानमन्त्री ओलीको भेट विशेष महत्त्वको मानिएको छ। उनले भारतीय प्रधानमन्त्री मोदीलाई पनि भेट्नुभएको समाचार आयो यद्यपि कुराकानीको विस्तृत जानकारी आएन। उता चीनियाँ राष्ट्रपति सीले भने यस विषयमा सो क्षेत्र नेपालको भएको स्वीकार गर्दै यस विषयमा नेपाल भारतबीच दुईपक्षीय वार्ता आवश्यक रहेको आधिकारिक जानकारी दिइएको छ।*

*दुवै भेटवार्ता दुवै देश आफ्नो पुरानै नेपाल नीतिमा कायम रहेको बुझ्न सकिन्छ। भन्नाले भारत चुपचाप नेपाली सिमानामा आफ्नो थिचोमिचो गरिरहने चीन तिमीहरूको मामिला हो आफै मिलाउ भन्दै नाफाको व्यापार गरिरहने। तर प्रधानमन्त्री छिटै भारत भ्रमणमा पनि जानुहुने भएकाले यो विषयले निकास पाउने आशा मार्नुहुँदैन। यद्यपि नेपाल भारत सम्बन्धमा दशकौं देखि चाङ लागेर रहेका द्विपक्षीय विषयहरूको एकमुष्ठ समाधान दिने भनिएको ईपीजी प्रतिवेदनसमेत भारतले बुझ्न नमान्नुले शंका यथावत् रहेको छ।*

*प्रम ओलीको यसपटकको चीन भ्रमणले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो उपस्थिति देखाउन सकेको, द्विपक्षीय सम्बन्ध विस्तारमा सहयोग पुगेको सकारात्मक पाटो छन्। उहाँले रुसका राष्ट्रपति भ्लादिमीर पुटिन, लाओस, भीयतनामका प्रधानमन्त्री चीनका उपराष्ट्रपति लगायतका नेताहरूसँग अलग-अलग भेट गरेर नेपालको धारणा जनाउने काम गर्नुभएको छ। सम्मेलनमा उहाँले विश्व शान्ति विकास जलवायु परिवर्तन न्यूनीकरण र आतंकवाद अन्त्यका लागि सहकार्य र सहमति आवश्यक रहेको उल्लेख गर्दै नेपाल विश्व मञ्चमा साथै रहेको सन्देश दिनु सह्रानीय छ। दलहरू बीच राजनीतिक मतभेद भए पनि लोकतन्त्र, संवैधानिक प्रावधान र वैदेशिक मामिलामा साझा प्रतिबद्धता हुनुपर्दछ। बाह्य शक्तिलाई आरोपित नगरी आन्तरिक शासनसत्ता सुदृढ गर्नु आवश्यक छ। तिनै नेताहरूको निरन्तरता, शक्ति केन्द्रीकरण, र संस्थागत संरचनाको कमजोर अभ्यासले लोकतन्त्र अझै पनि जरा गाड्न नसकेको अवस्थामा यो मुद्दाको उचित निकास खोज्न संसद्, सरकार एक हुनुको विकल्प छैन।*

*नेपालले भोग्दै आएको एक प्रमुख समस्यामा हरेक विषयमा दलगत स्वार्थपूर्तिको बाटो खोज्नु पनि हो। तर हरेक ठाउँमा दलीय स्वार्थ खोज्नुहुँदैन। नेपालको संविधान २०७२ ले स्पष्टरूपमा परराष्ट्रनीति संयुक्त राष्ट्रसंघ, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानून, र विश्वशान्तिका आधारमा सञ्चालन गर्न निर्देशन दिएको छ। नेपालका दुईमात्र छिमेकी भारत र चीनसँगको सम्बन्ध प्राचीनकालदेखि सांस्कृतिक, धार्मिक, राजनीतिकरूपमा अघि बढिरहेको छ। कहिल्यै कसैसँग पराधीन हुनु नपरेको इतिहास भए पनि नेपाल समय सन्दर्भअनुसार छिमेकीहरूबाट बेला-बेला प्रभावित हुँदै भएन भन्न सकिँदैन। तर आफू सुदृढ भएर दुबैतिर प्रभावित गर्न सक्ने हैसियत बनाउने अवसर पनि नेपालसँग छ भन्ने बुझ्नुपर्छ।*

*पछिल्ला दिनमा चीनसँग व्यापारिक मार्ग विस्तार भइरहेको छ र प्रधानमन्त्री ओलीकै पहलमा पारवहनसम्बन्धी ऐतिहासिक सम्झौता पनि भएको छ। सम्झौताबाट फाइदा लिन नेपाल नै अग्रसर हुनुपर्नेछ। पञ्चशीलमा आधारित परराष्ट्र नीति अवलम्बन गर्दै नेपालले दुवै देशबीचको सम्बन्धलाई नयाँ आयाममा लान सबल परराष्ट्र नीति अबलम्वन गर्नुपर्छ।*

*कूटनीतिलाई मार्गप्रशस्त गर्ने पनि आखिरमा राजनीतिले नै हो। पछिल्ला दिनमा भारत र चीन एसिया मात्र होइन विश्वकै प्रमुख अर्थतन्त्र हुन अग्रसर भइरहेको सन्दर्भमा त्यसको लाभ लिन नेपालले पनि कूटनीतिक पहल तीव्र बनाउनुको विकल्प छैन। हामीले हाम्रो असंलग्नताको मान्यतालाई आधार मान्दै सन्तुलित विदेश नीति अपनाई त्रिदेशीय सहकार्यको पुल बन्न सक्ने सम्भावनालाई उजागर गर्नुपर्नेछ।*

*हाम्रो परराष्ट्र मामिलामा नीतिगत स्पष्टता, सबल र परिपक्व प्रस्तुति र व्यवहारमा एकरूपता नै आजको खाँचो हो। कुन नेताले कत्रो टोली लिएर गए अनि क-कसलाई भेटे भन्ने ठुलो कुरा होइन उनीहरूले हामीलाई कुन रूपमा लिएका छन् र कस्तो व्यवहार गरिरहेकाछन् त्यो प्रमुख कुरा हो। नेपाली राहदानी लिएर विश्वका जुन देशमा गए पनि नेपाली नागरिकले इज्जत पाउन सकौं हरेकले विचार गर्नुपर्ने कुरा यही हो।*

# शिक्षा सुधारमा दृढताको खाँचो



news24 दैनिक

देवीभक्त ढकाल



शिक्षा भन्नाले ज्ञान, सीप, कला, मूल्य र अनुभवलाई योजनाअनुसार सिक्ने प्रक्रिया हो। यसले व्यक्तिलाई सामाजिक, आर्थिक र सांस्कृतिकरूपमा विकसित हुन मद्दत गर्छ। शिक्षा अध्ययन, अनुसन्धान, अनुभव र अवलोकनबाट प्राप्त हुने वैज्ञानिक प्रक्रिया हो जसले मानिसको विचार, व्यवहार, सिर्जनशीलता र निर्णय क्षमतामा सकारात्मक प्रभाव पार्छ।

संसारभर शिक्षाको मुख्य उद्देश्य समान छ। यसले ज्ञान र सीपको विकास गर्दै व्यक्ति र समाजमा चेतना, विवेक, नैतिकता र इमानदारीको भावना विकास गर्छ। शिक्षा केवल किताब पढ्ने प्रक्रिया होइन, यो सामाजिक मूल्य र संस्कार पुस्ताबाट पुस्तामा सार्ने माध्यम पनि हो। तर, अहिलेको नेपाली समाजमा शिक्षा आफैं असमानता र विभेदको कारक बन्दै गएको देखिन्छ।

नेपालमा 'सबैका लागि शिक्षा' भन्ने नारा पूरा हुन सकेन। शहर र धनीवर्गका बालबालिकाले राम्रो स्कुल, योग्य शिक्षक, सुविधा सम्पन्न वातावरण र डिजिटल पहुँच पाए भने, ग्रामीण र गरिबवर्गका बालबालिकाले न्यून सुविधा, कमजोर शिक्षक र स्रोतको अभावमा शिक्षा हासिल गरिरहेका छन्। यसले गर्दा अवसरको असमानता उत्पन्न भएको छ। गरिब र ग्रामीण क्षेत्रका बालबालिकाले शिक्षा पाए पनि उनीहरू उच्च तहमा पुग्न सक्दैनन् भने, धनी वर्गका बालबालिकाले सजिलै उच्च पद, राम्रो तलब र अवसर पाउँछन्।

शिक्षा आफैं विभेदकारी होइन तर जब समाजमा जातीय, लैंगिक, आर्थिक र भौगोलिक विभाजन हुन्छ तब त्यही शिक्षा असमानताको कारक बन्न पुग्छ। शिक्षा पहुँच, गुणस्तर र अवसरको हिसाबले जब असमानता सिर्जना गर्छ तब त्यसले समाजमा शक्ति असन्तुलन, विभेद र अन्याय सिर्जना गर्छ।

नेपालमा राणा शासनदेखि नै शिक्षा उच्चवर्गको पहुँचमा सीमित थियो। साधारण जनता शिक्षाबाट टाढा राखिन्थे। अहिले पनि त्यो संरचना पूर्णरूपमा परिवर्तन हुन सकेको छैन। आज पनि निजी विद्यालयमा धनीको पहुँच छ र गरिबहरू सरकारी विद्यालयमा सीमित छन्। सरकारी विद्यालयमा शिक्षकको उपस्थिति, स्रोत-साधनको अभाव र कमजोर व्यवस्थापनले गर्दा गुणस्तर कमजोर छ। निजी विद्यालयमा पढेकाले राम्रो नतिजा हासिल गरे राम्रो जागिर र अवसर पाउने गरेका छन् भने सरकारी विद्यालयमा पढेकाहरू भने त्यो दौडमा पछि परेका छन्।

आजको नेपालको शिक्षाले समाजमा समानता ल्याउने काम गर्नुको साटो उल्टै विभेदलाई गहिरो बनाइरहेको छ। डिजिटल शिक्षा, अनलाइन कक्षा र प्रविधिको विकासले पनि यो असमानतालाई बढाएको छ। शहरका बालबालिकासँग इन्टरनेट, कम्प्युटर, स्मार्टफोनको सहज पहुँच छ भने गाउँका बालबालिकासँग यी कुरा सपना जस्तै भएका छन्। यसरी प्रविधि आधारित शिक्षाले शहरी-ग्रामीण खाडल अझै चर्को पार्दै लगेको छ।

**शिक्षामा सबैको पहुँच पुऱ्याउन गाउँ-शहर र धनी-गरिब सबैलाई समान गुणस्तरको शिक्षा दिनुपर्छ, शिक्षकको क्षमता विकासका लागि सबै विद्यालयमा योग्य शिक्षकको व्यवस्था गर्नुपर्छ र अवसर नपाएर र कमजोर क्षमता भएका शिक्षकलाई सबल बनाउनु यथेष्ट तालिम दिनुपर्छ**

शिक्षाले समाजमा समानता ल्याउन सक्छ तर त्यो तब मात्र सम्भव हुन्छ जब राज्यले सबैका लागि समान गुणस्तरको शिक्षाको प्रत्याभूति गर्न सक्छ। समान शिक्षा भन्नाले सबै ठाउँका विद्यालयमा समान स्तरका शिक्षक, स्रोत-साधन, पुस्तक, प्रविधि र पाठ्यक्रम हुनु जरुरी छ। त्यसका लागि सरकारले ठोस नीति, कार्यक्रम र बजेट सुनिश्चित गर्नुपर्छ।

जातीय, लैंगिक र सामाजिक विभेदलाई शिक्षा प्रणालीमार्फत अन्त्य गर्न विशेष कार्यक्रम ल्याउनु आवश्यक छ। गरिब, ग्रामीण र पछाडि परेका वर्गका बालबालिकालाई विशेष सुविधा, छात्रवृत्ति, अतिरिक्त कक्षा र स्रोतसाधनको व्यवस्था हुनुपर्छ। डिजिटल शिक्षामा पनि सबैको समान पहुँच सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो। यसमा अबका दिनमा पालिकाहरूले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

नेपालको शिक्षा प्रणाली अहिले प्रमाणपत्रमुखी र बजारमुखी भएको छ। सच्चा शिक्षाले चेतनशील, आत्मनिर्भर, जिम्मेवार र नैतिक नागरिक उत्पादन गर्नुपर्छ। तर अहिले शिक्षित बेरोजगारहरूको संख्या दिन प्रतिदिन बढ्दो छ। शिक्षा जीवन उपयोगी र व्यावहारिक हुन नसक्दा समाजमा निराशा र आक्रोश बढिरहेको छ।

समाजमा समानता ल्याउन शिक्षा मात्र पर्याप्त हुँदैन। यसको साथैसाथै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संरचनाको पनि सुधार हुनु आवश्यक छ। समतामूलक, न्यायपूर्ण समाजको निर्माणमा शिक्षा नीति र सामाजिक नीतिको संयोजन हुनुपर्छ भन्नेमा सायदै मतभिन्नता होला।

तसर्थ, नेपालमा शिक्षाको सुधारका लागि अब निम्न उपायहरूमा ध्यान दिनुपर्ने जरुरी देखिन्छ। समान गुणस्तरको शिक्षामा सबैको पहुँच पुऱ्याउन गाउँ-शहर र धनी-गरिब सबैलाई समान गुणस्तरको शिक्षा दिनुपर्छ। शिक्षकको क्षमता विकासका लागि सबै विद्यालयमा योग्य शिक्षकको व्यवस्था गर्नुपर्दछ र अवसर नपाएर र कमजोर क्षमता भएका शिक्षकलाई सबल बनाउनु यथेष्ट तालिम दिनुपर्दछ।

भौतिक पूर्वाधारको सुधारका लागि विद्यालयमा भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, पिउने पानी आदि उपलब्ध गर्नुपर्छ भन्ने त सामान्य र सबैले भन्न सक्ने कुरा नै हो। तर यी पूर्वाधार अनुसारको दैनिक कार्यव्य वस्था भइरहेको छ कि छैन भन्ने यकिन गर्न नियमनको काम पनि सँगसँगै गर्नुपर्नेहुन्छ।

प्रविधिको बढ्दो उपयोग भइरहेको सन्दर्भमा डिजिटल पहुँचलाई सबैसम्म पुऱ्याउन इन्टरनेट, कम्प्युटर, मोबाइल एप्सजस्ता प्रविधिको पहुँच सबैको लागि सुनिश्चित गर्नुपर्दछ। शिक्षा ग्रहण गर्ने क्रममा वर्ग, जाति, लिंग आधारमा कुनै पनि खालको विभेद हुनुहुँदैन। शिक्षा प्रणालीमा विद्यमान विभेद हटाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ। आर्थिक अवस्था सबल नभएका गरिब विद्यार्थीहरूलाई सबल बानउन छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री, निःशुल्क यातायात र पौष्टिक आहारको व्यवस्था गर्नु पनि सरकारको शिक्षाको अन्तर्गतको दायित्व हो।

शिक्षित जनशक्ति बनाएर मात्र हुँदैन, त्यसलाई अवसरसँग जोडेर आर्थिक उन्नतिको खाकालाई पनि शिक्षा विकासँग जोडेर अघि बढाउनुपर्ने हुन्छ। शिक्षा र रोजगारीको समन्वय गर्न शिक्षा प्रणालीलाई बजार र रोजगारसँग जोड्ने नीति बनाउनुपर्ने हुन्छ। शिक्षालाई व्यावहारिक बनाउँदै सिर्जनशीलता, सीप र व्यावहारिक ज्ञानमा आधारित पाठ्यक्रम लागू गर्नु यस सन्दर्भको प्राथमिक आवश्यकता हो। यदि यी उपायहरू कार्यान्वयन हुन सकेनन् भने, शिक्षा असमानताको कारण बन्ने मात्र होइन, समाजमा विद्रोह, असन्तोष र संकटको कारण बन्न सक्छ। शिक्षा विभेदको होइन, समानताको माध्यम बन्नुपर्छ। त्यसका लागि राजनीतिक इच्छाशक्ति, दूरदर्शिता र इमानदार प्रयास आवश्यक छ।

यदि शिक्षाले व्यक्ति, समाज र राष्ट्रको उत्थान गर्न सकेन भने त्यो शिक्षा होइन, साधन र स्रोतको दुरुपयोग मात्र हुन जान्छ। अब शिक्षालाई बजारमुखी, प्रमाणपत्रमुखी बनाउने होइन, व्यावहारिक, सिर्जनशील र आत्मनिर्भर बनाउने दिशातर्फ अग्रसर हुनुको विकल्प छैन। समयमै शिक्षाको सही दिशा पहिचान गर्न सकिएन भने आजको असमानता भोलिको ठूलो दुर्घटनाको कारक बन्न सक्छ। त्यसैले अब 'सबैलाई शिक्षा' भन्ने नाराभन्दा 'सबैलाई समान गुणस्तरको शिक्षा' भन्ने नीतिमा गम्भीर ध्यान दिनु जरुरी छ।

संविधानले शिक्षालाई स्थानीय सरकारको जिम्मामा दिइसकेको अवस्थामा नेपालको शिक्षालाई प्रभावकारी, परिणाममुखी र गुणस्तरीय बनाउन पहिले, विद्यालयको भौतिक संरचना, योग्य शिक्षक र आवश्यक शैक्षिक सामग्रीको सुनिश्चितता गर्नुपर्छ। पालिकाले स्थानीय आवश्यकताअनुसार योजना बनाउने, नियमित अनुगमन गर्ने र शिक्षालाई व्यावहारिक बनाउने काम गर्नुपर्छ भने संघीय सरकारले बजेटको उचित बाँडफाँड, नीति निर्माण र प्राविधिक सहयोग दिनुपर्छ। पालिकाले बजेटको पारदर्शिता र आवश्यकतामा आधारित बजेट विनियोजनको सिद्धान्तलाई उपयोग गर्नुपर्छ। शिक्षक तालिम, पाठ्यक्रम सुधार, डिजिटल पहुँच र विद्यार्थीका लागि पोषणयुक्त खाजा, छात्रवृत्ति जस्ता कार्यक्रमहरू स्थानीय पालिकाबाट नियमन र सञ्चालन हुँदा अधिक प्रभावकारी हुने देखिन्छ।

शिक्षालाई सीपमुखी, सिर्जनशील र रोजगारमुखी बनाउनु शिक्षामा विद्यमान विभेद घटाएर सबै वर्गलाई समान अवसर दिइनुपर्छ। संघ, प्रदेश र पालिकाबीच राम्रो समन्वय, इमानदार कार्यान्वयन र दूरदर्शी योजना नै नेपालको शिक्षालाई विकासको बाटोमा लैजान सक्ने आधार हुन्।

# जोगाऔं जूनकिरी

शेखर लामिछाने

हाम्रो गाउँठाउँमा छ्यासछ्यास्ती देखिने धेरै कुरा हराए, मासिए। रुख, विरुवा, जंगल मासिए। चरा मासिए। कीरा-फट्यांग्रा मासिए। हाम्रै गाउँठाउँमा भएका कैयौं कुरा हाम्रै आँखाअगाडि बिलाएको हामीलाई थाहा छ। बिलाउने क्रममा रहेको कीरा-फट्यांग्रामध्ये एक हो- जूनकिरी।

प्रायः बुढापाकाहरू केटाकेटी हुँदा शिशीमा जूनकिरी थुनेर राखेको स्मरण सुनाउँछन्। त्यो नेपालमा मात्र होइन, विश्वव्यापी चलन नै रहेछ। विदेशमा पनि केटाकेटीहरूले जूनकिरीलाई शिशीमा राखेर रमाइलो गर्ने गर्छन्।


जूनकिरी मांसाहारी किरा हो। यसले चिप्लेकिरा र गँड्यौला खान्छ। केही प्रजातिले पराग मात्र खान्छन्। जूनकिरीको उमेर छोटो हुन्छ- लार्भाको उमेर १ देखि २ वर्षसम्मको हुन्छ। जूनकिरीले उष्ण मौसम तथा क्षेत्र मन पराउँछ। एन्टार्कटिकाबाहेक सबै महादेशमा जूनकिरी पाइन्छ।

जूनकिरी विशेषगरी वन क्षेत्र, सिमसार, खोलालगायतका ओसिला ठाउँहरूमा हुन्छ। आद्र मौसममा हुने जूनकिरी प्रायः रुखमा बस्छ, तर केही प्रजाति पानीमा पनि बस्छन्। जूनकिरीको पर्यावरणमा आफ्नै महत्त्व छ। साना किराहरूलाई आहार बनाउने जूनकिरी लाटोकोसेरो र चमेरोको पनि आहार हो। बढ्दो शहरीकरणका कारण यी चराहरू पनि अब जंगल र एक्ला स्थानमै सीमित भएका छन्।

जूनकिरीले एकआपसमा बत्तीको माध्यमले सञ्चार गर्छ। पोथीलाई आकर्षित गर्न, आफ्नो क्षेत्र निर्धारण गर्न तथा खतराबाट जोगिन बत्तीको उपयोग गर्छ। केही प्रजातिमा भालेले मात्र बत्ती बाल्छ; प्रायः प्रजातिमा दुवैले बत्ती बाल्छन्।

भाले प्रायः उड्ने गर्दछ भने पोथी रुख, पात, वा घाँसमा बसेर मनपरेको भालेको प्रतीक्षा गर्छ। उसले कुनै भालेलाई मन परायो भने आफ्नो बत्तीमार्फत त्यसको संकेत गर्छे। जूनकिरीले बत्तीको सहायताले आहार खोज्ने गर्छ। जूनकिरीको बत्तीमा अरू किराहरू आकर्षित हुन्छन्, र त्यही बेला जूनकिरीले तिनलाई आहार बनाउँछ।

जूनकिरीको बत्ती 'शीतल बत्ती' हो। अरू बत्तीले ताप सिर्जना गर्छन्, तर जूनकिरीको बत्तीमा ताप हुँदैन, त्यसैले यसलाई शीतल बत्ती भनिन्छ। यसको पुच्छरमा दुईवटा रसायन हुन्छन्,- लुसिफेरेस र लुसिफेरिन।



**पोथीलाई आकर्षित गर्न, आफ्नो क्षेत्र निर्धारण गर्न तथा खतराबाट जोगिन बत्तीको उपयोग गर्छ। केही प्रजातिमा भालेले मात्र बत्ती बाल्छ, प्रायः प्रजातिमा दुवैले बत्ती बाल्छन्**

लुसिफेरेस एक प्रकारको इन्जाइम हो, जसले प्रकाश दिन्छ। जूनकिरीको शरीरमा हुने एडेनोसिन ट्राइ फस्फेट (एटीपी) नामक रसायनले ऊर्जा रूपान्तरण गरेर प्रकाश उत्पन्न गर्छ। एटिपी जूनकिरीमा मात्र नभई सबै प्राणीमा हुन्छ। जूनकिरीको अण्डा पनि चम्किलो हुन्छ। केही प्रजातिको अण्डालाई हल्का चलाउँदा वा थर्काउँदा चम्किलो हुने गर्छ।

जूनकिरीले एकअर्काको नक्कल पनि गर्ने गर्छन्। पोथी जूनकिरीले मात्र होइन, भाले जूनकिरीले पनि पोथीलाई आकर्षित गर्न एकअर्काको नक्कल गर्छन्। रोचक के छ भने- भाले जूनकिरीले पोथीको नक्कल गरेर अरू भालेलाई झुक्याउने गर्छ। यी सबै प्रक्रिया बत्तीमार्फत नै हुन्छन्।

जूनकिरीमा हुने रसायन क्यान्सर तथा मस्कुलर डिस्ट्रोफीलगायतका रोगहरूको अध्ययनमा उपयोगी हुन्छ। जूनकिरीको रसायन प्रयोग गरेर बनेको विद्युतीय डिटेक्टर अन्तरिक्ष यानमा जडान गरेर अन्तरिक्षमा जीवको सम्भावना अध्ययन गरिन्छ।

जूनकिरीले हानिकारक किराहरू खाइदिने हुँदा यसलाई गुणी किरा मानिन्छ। साथै, यसले बालीलाई रोगबाट बचाउन मद्दत गर्छ। जूनकिरी स्वच्छ पानीको स्रोतमा पाइने हुँदा यसले पानीमा स्वस्थ वातावरण रहेको सन्देश दिन्छ।

विश्वमा दुई हजार प्रजातिका जूनकिरी पाइन्छन्। नेपालमा कति प्रजातिका छन् भन्ने अध्ययन नभए पनि धेरै प्रकारका जूनकिरी पाइन्छन्। विज्ञहरूका अनुसार जूनकिरी हराउँदै जानुका मुख्य तीन कारण छन्; वासस्थानको विनाश; विषादीको अत्यधिक र लापरवाह प्रयोग; र कृत्रिम उज्यालोका कारण हुने प्रकाश प्रदूषण।

कृत्रिम बत्तीको उज्यालोले जूनकिरीको प्रकाशलाई ढाकिदिन्छ, जसले गर्दा उसले आफ्नो जीवनचक्र पूरा गर्न सक्दैन। खेतबारीमा प्रयोग हुने विषादीले यसको संख्या दिनप्रतिदिन घटाइरहेको छ। जूनकिरी हराउनुको अर्को कारण हो, शहरी बत्ती।

पहिले जंगल, सिमसार, खर्क, चउर भएका ठाउँमा हामीले बस्ती बसायौं। अनि ती स्थानमा बस्ने प्राणीहरू अन्यत्र लागे। जूनकिरीको हकमा पनि त्यही भयो। वनजंगल भनेको अन्य प्राणीको वासस्थान हो। तिनको स्थान मानिसले अतिक्रमण गर्दै गयो। तिनलाई पनि बस्ने ठाउँ दिनुपर्छ भन्ने जैविक विविधता जोगाउने सोचअनुसारको योजना भएन। त्यसो नहुँदा धेरै प्राणीहरू हराउँदै गए।

जूनकिरीका लार्भा स्वच्छ नदी वा पानीका स्रोतमा हुर्कन्छन्। अचेल नदी प्रदूषित हुँदा जूनकिरीको संख्या घट्दै गएको हो। वायु प्रदूषणले पनि कीरा-फट्यांग्राको संख्या घटाउँदै लगेको बताइन्छ।

'गाउँघरमा पनि विषादीको प्रयोग हुने गरेको छ, तर त्यहाँ वायु प्रदूषण नहुँदा जूनकिरीको संख्यामा ठूलो असर परेको देखिँदैन', चमेरोमा अनुसन्धान गरिरहेका सञ्जन थापा भन्छन्, 'शहरी क्षेत्रमा भने अरू प्रदूषणसँगै वायु प्रदूषणका कारण जूनकिरीको संख्या घट्दो देखिन्छ।'

हराउँदै गएको किराको सूचीमा जूनकिरी मात्र छैन। फट्यांग्रा, मौरी, बारुला, अरिंगाल, ग्रोब्रेकिरा, पुतली, झ्यालिन्चा पनि छन्। पर्यावरणीय चक्र सन्तुलित राख्न सबै किराको आफ्नै महत्त्व हुन्छ।

एउटा किरा विनाश हुनु भनेको पर्यावरणीय सन्तुलन खल्बलिनु हो। एकातिर आदिम कालदेखि अस्तित्वमा रहेका किराहरू हराउँदै गएका छन् भने, अर्कातिर लामखुट्टे, झिँगालगायतका विनाशकारी किराहरूको जगजगी बढ्दो छ। यदि हामीले संरक्षणमा वास्ता नगर्ने हो भने, भोलिका दिनमा झिँगा र लामखुट्टेबाहेक केही पनि बाँकी हुँदैन।

# इण्डोनेसियामा सांसदको तलब बढाउँदा आन्दोलन




एजेन्सी- दुई साताअघि मात्र २१ वर्षीय मोटरसाइकल चालक अफान कुर्नियावानलाई विशेष सुरक्षा फौजको सवारीले ठक्कर दियो। उनको तत्काल मृत्यु भयो। यो भिडियो सार्वजनिक भएपछि देशव्यापी आक्रोश भड्कायो र त्यो आक्रोश आन्दोलनमा परिणत भयो। आन्दोलन भड्किँदै जाँदा हिंसात्मक रूप लिन पुग्यो। यसपछि सरकारले हिंसा रोक्न भन्दै गोली चलाउँदा राजधानी जकार्तामा मात्रै करिब आठ जनाको ज्यान गयो। यस घटनामा सयौं घाइते भए भने १२ सय ४० जनाभन्दा बढी प्रदर्शनकारी पक्राउ परे। अझै पनि २० जनाभन्दा बढी नागरिक हराइरहेको अधिकारकर्मीहरूको दाबी छ।

सुरक्षा व्यवस्थाको नाममा सरकारले देशका प्रमुख शहरहरूमा सेना परिचालन गरेको छ। संसद् भवनअगाडि हजारौं प्रदर्शनकारी जम्मा भएका छन्। सुराबाया, बान्दुङ, योग्याकार्ता र माकास्सरमा पनि झडपहरू भइरहेका छन्। आन्दोलन फैलिनुमा सामाजिक सञ्जालले मुख्य भूमिका खेलेको छ। टिकटक, एक्सजस्ता प्लेटफर्महरूमा आन्दोलनसम्बन्धी सामग्रीहरू व्यापकरूपमा फैलिएका छन्। यसकै कारण सरकारले टिकटकको प्रत्यक्ष प्रसारण सुविधा नै बन्द गरिदिएको छ।

**गहिरिँदो असन्तुष्टि**

यो आन्दोलन कसरी र किन मच्चियो भन्नेमा एउटै घटना मात्र औंल्याउन सकिँदैन। यो लामो समयदेखि बढ्दै गरेको असन्तुष्टि र संरचनागत समस्याहरूको विष्फोट हो। इण्डोनेसियामा अहिले पनि करिब ६० प्रतिशत श्रमशक्ति अनौपचारिक क्षेत्रमा कार्यरत छ। तिनले स्थायी आम्दानी वा सामाजिक सुरक्षा पाउँदैनन्। यसले जनताको आर्थिक अवस्था दिनानुदिन झन् कमजोर बनाउँदै लगेको छ। पाँच वर्षमा मात्रै करिब एक करोड इण्डोनेसियाली नागरिक निम्न आय वर्गमा खस्किएका छन्।

सन् २०२५ को सुरुवातदेखि अहिलेसम्म ४२ हजारभन्दा बढी श्रमिकले रोजगारी गुमाइसकेका छन्। तर, सरकारले भने 'जनताको डर बढ्न सक्छ' भन्दै यस्ता तथ्यांकमा ध्यान दिन र सार्वजनिक गर्न छाडेको छ। यही संवेदनहीनता आक्रोशको अर्को कारण बनेको छ। नागरिकहरूमा थप अपमानजनक अनुभूति त्यो बेला भयो जब संसद्को अधिवेशनको क्रममा सांसदहरू नाचगान गरिरहेको भिडियो सार्वजनिक भयो। लगत्तै सांसदहरूको आवास भत्ता ५० लाख रुपियाँसम्म पुऱ्याउने निर्णयले त जनताको घाउमा नूनचूक दलेजस्तो भयो र विरोध सडकमा देखिन सुरु भयो।

**प्रतिरोधका प्रतीक अफ्फान कुर्नियावान**

अफ्फान कुर्नियावान इण्डोनेसियाको राजधानी जकार्तामा बसोबास गर्ने २१ वर्षका एक युवाले मोटरसाइकलमार्फत यात्रुहरूलाई सवारी सेवा दिने काम गर्थे। उनी देशभरि फैलिएको सरकारविरोधी प्रदर्शनहरूका बेला एक महत्त्वपूर्ण घटना बने।

२५ अगस्टमा जकार्तामा भएको ठूलो प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच तनाव बढेको थियो। बिहीबार राति, प्रहरीले अफ्फानलाई आफ्नो सवारीले ठक्कर दिएर मारिदियो। उनको मृत्युले प्रदर्शनकारीहरूको क्रोध झन् बढायो र विरोधका स्वरहरू देशभरि फैलिन थाल्यो। गरिबीका बीच आफ्नो जीवन गुजारा गरिरहेका अफान कुर्नियावानको ज्यान सुरक्षाकर्मीको सवारीले लिएको घटनाले आन्दोलनलाई भावनात्मक उचाइमा पुऱ्याएको छ। उनी अब इण्डोनेसियामा राज्यको दबाब र आर्थिक संकटका विरुद्ध जनताले उठाएका आवाजको प्रतीक बनेका छन्।

अफ्फानको मृत्युले सरकारको पक्षमा रहेका केही जनतामा समेत असन्तुष्टि र विरोध सिर्जना गऱ्यो। यस घटनाले इण्डोनेसियामा भएका असन्तोषहरू मात्र नभई प्रहरी दमन र राजनीतिक असमानता सम्बन्धी गम्भीर प्रश्नहरू उठाएको छ।

**'१७ + ८' आन्दोलन**

आन्दोलनकर्ताहरूले अहिले '१७ + ८' नामको अभियान सुरु गरेका छन्। यसमा १७ वटा तत्कालीन माग र ८ वटा संरचनात्मक सुधारका एजेण्डाहरू छन्। तत्कालीन मागहरूमा अफ्फानको मृत्युको निष्पक्ष छानबिन, सेनालाई नागरिक सुरक्षा कार्यबाट हटाउने, पक्राउ परेका प्रदर्शनकारीलाई रिहा गर्ने, दोषी सुरक्षाकर्मीमाथि कारबाही गर्ने र प्रहरीको दमन अन्त्य गर्नेलगायत समावेश छन्। संरचनात्मक सुधारमा संसद्, राजनीतिक दलहरू र प्रहरी संस्थाहरूको पुनः संरचना प्रमुख मागका रूपमा अघि सारिएको छ। आन्दोलनकारीहरूले यी मागहरू एक वर्षभित्र कार्यान्वयन गर्न सरकारलाई समय दिएका छन्। यदि यी मागहरू पूरा भएनन् भने आन्दोलन अझ लामो र व्यापक हुने जनाइएको छ।

**डिजिटल एकता**

यो आन्दोलन इण्डोनेसियाभित्र मात्र सीमित छैन। विदेशमा रहेका इण्डोनेसियालीहरू (विशेषगरी जर्मनी, मलेसिया र थाइल्यान्डमा रहेका) युवाहरूले समेत आन्दोलनप्रति ऐक्यबद्धता जनाइरहेका छन्। बर्लिनमा अध्ययनरत विद्यार्थी वाल्टर न्ग भन्छन्, 'हामी सुरक्षाकर्मीहरूको दमन अन्त्यको माग गर्दैछौं। अभिव्यक्तिको स्वतन्त्रता र संवादको वातावरणको रक्षा गरिनुपर्छ।' सामाजिक सञ्जालमा आन्दोलनको सन्देश अझ व्यापक बनेको छ। आमनागरिकहरूले एकअर्कालाई कानूनी सहायता, मानसिक स्वास्थ्य सेवा, आपतकालीन सम्पर्क र आर्थिक सहयोगसम्बन्धी जानकारीहरू बाँडिरहेका छन्।

**सरकार हिंसात्मक बन्दै**

यसबीच राष्ट्रपति प्राबोवो सुबिआन्तोले आन्दोलनलाई 'गद्दारी र आतंकवाद'को संज्ञा दिएका छन्। उनले सेनालाई कठोर कारबाही गर्न निर्देशन दिएका छन्। सेनाले अहिले प्रदर्शनहरू भइरहेका स्थानहरूमा गस्ती गर्न थालेको छ।

तर मानव अधिकारकर्मीहरू भन्छन् - सेना जनप्रदर्शनको लागि तालिम प्राप्त छैन। उनीहरूको भूमिका युद्ध वा राष्ट्रिय सुरक्षामा मात्र सीमित हुनुपर्छ। एम्नेस्टी इन्टरनेशनलका उपनिर्देशक वीर्या अडिवेना भन्छन्, 'सरकार नागरिक आवाजप्रति आक्रोशित छ र यही आक्रोशले नागरिकमाथि हिंसा थोपरिरहेको छ।'

प्राबोवोले प्रदर्शनमा खटिएका र घाइते भएका प्रहरी अधिकारीहरूलाई पदोन्नति दिने घोषणा गरेका छन्। यस घोषणाले पनि जनताको असन्तुष्टि झनै चुलिएको छ।

इण्डोनेसियाको आन्दोलन अफ्फानको मृत्यु वा सांसदको भत्ता विरुद्धको आक्रोश मात्र होइन। यो आन्दोलन त प्रणालीगत बेथिति, आर्थिक असमानता, अभिव्यक्तिको दमन, दण्डहीनता र जनताको आवाजप्रति सत्तासीनहरूको बेवास्ताविरुद्धको लामो आक्रोश हो।

सामाजिक सञ्जाल र सडकहरूमा उर्लेको यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ - 'यदि राज्यले जनताको आवाज नसुन्ने हो भने, जनताले आफ्नो बाटो आफैं खोज्छन्।'

# हावर्डको अनुदान कटौती खारेज



एजेन्सी - अमेरिकी संघीय अदालतले पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनद्वारा हावर्ड विश्वविद्यालयमाथि गरिएको करिब २ अर्ब अमेरिकी डलर बराबरको अनुदान कटौतीलाई असंवैधानिक ठहर गर्दै खारेज गरिदिएको छ। बोस्टनस्थित संघीय न्यायाधीश एलिसन बरोसले बुधबार सुनाएको ऐतिहासिक फैसलामा ट्रम्प प्रशासनले विश्वविद्यालयको अभिव्यक्ति स्वतन्त्रता (पहिलो संशोधन) उल्लंघन गरेको ठहर गरेकी हुन्। उनले सरकारलाई अनुदान रोक्न वा भुक्तानी नदिन प्रतिबन्ध लगाउँदै सबै निर्णयहरू तत्काल खारेज गर्न आदेश दिएकी छन्।

ट्रम्प प्रशासनले हावर्ड विश्वविद्यालयमाथि यहूदीविरोध, वामपन्थी विचारधारा प्रसार, र जातीय विभेद फैलाएको आरोप लगाउँदै अप्रिलमा अनुसन्धान सम्बन्धी अनुदानहरू रोक्ने निर्णय गरेको थियो। प्रशासनले विश्वविद्यालयमाथि 'राष्ट्रविरोधी प्रवृत्ति' फैलाएको आरोपसमेत लगाएको थियो।

तर न्यायाधीश बरोसको निर्णयले यस्ता आरोपहरूलाई 'राजनीतिक पूर्वाग्रहपूर्ण र वैचारिक आक्रमण' का रूपमा व्याख्या गरेको छ। उनका अनुसार, 'यहूदीविरोध मात्र बहाना थियो, सरकारको मूल उद्देश्य शीर्ष विश्वविद्यालयमाथि दबाव सिर्जना गर्नु थियो।' हावर्ड विश्वविद्यालयका अध्यक्ष एलन गार्बरले अदालतको निर्णयप्रति स्वागत जनाउँदै भने, 'यो फैसला विश्वविद्यालयको अभिव्यक्ति स्वतन्त्रताको रक्षा मात्र होइन, अनुसन्धान र शैक्षिक स्वतन्त्रताको संरक्षणको पनि संकेत हो।'

उनले थपे, 'कुनै पनि सरकारले निजी विश्वविद्यालयलाई के पढाउने, कसलाई भर्ना लिने वा कुन विषयमा अनुसन्धान गर्ने भन्ने अधिकार राख्दैन।' ह्वाइट हाउसले भने निर्णयको विरोध गर्दै तत्काल अपिल गर्ने घोषणा गरेको छ। ट्रम्प प्रशासनले न्यायाधीश बरोसलाई 'ओबामा नियुक्त न्यायाधीश' भन्दै पूर्वाग्रह राखेको आरोप लगाएको छ। सरकारी प्रवक्ताले भने, 'हावर्डलाई करदाता रकममा कुनै संवैधानिक अधिकार छैन। अब ऊ भविष्यमा अनुदानका लागि अयोग्य ठहरिन्छ।'

यसअघि पनि ट्रम्प प्रशासनले हावर्डको कर छुट हटाउने, फेडरल अनुसन्धानबाट प्राप्त पेटेन्टहरू नियन्त्रणमा लिने, र अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई रोक्न खोज्ने प्रयास गरिसकेको छ।

ट्रम्प प्रशासनको उक्त कदमले हावर्ड मात्र होइन, कोलम्बिया, पेन्सिलभेनिया र ब्राउन विश्वविद्यालयहरू पनि प्रभावित भएका थिए। तर, ती विश्वविद्यालयहरूले अदालत नगई सरकारसँग सम्झौता गर्दै अनुदान जोगाएका थिए। यो मुद्दाले अमेरिकी उच्च शिक्षा संस्थाहरूमा सरकारको हस्तक्षेप, स्वतन्त्र अनुसन्धानको अधिकार, र शिक्षण संस्थाहरूको वैचारिक स्वतन्त्रताजस्ता विषयमा गम्भीर बहस जन्माएको छ।


## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

### कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०५/२० गते**

यस फाइनान्सको शाखा कार्यालय, ड्राईभरटोल, रुपन्देहीबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **नाम : राजकुमार खवास**<br>बाबु : तोप बहादुर खवास<br>बाजे : ओमनाथ सिं खवास<br>ना.प्र.नं. : ३७१०३३/३/१८३९८, जि.प्र.का., रुपन्देही<br>मिति : २०६४/०३/३२<br>स्थायी ठेगाना : प अमवा गा.वि.स.-४, रुपन्देही।<br>हाल : सियारी गा.पा.-७, रुपन्देही। | **क) नाम : तोप बहादुर सिं खवास**<br>बाबु : ओमनाथ सिं खवास<br>बाजे : साचीराम खवास<br>ना.प्र.नं. : ६/६/४९८, जि.प्र.का., रुपन्देही।<br>मिति : २०४६/०१/२१<br>स्थायी ठेगाना : प अमवा गा.वि.स.-४, रुपन्देही।<br>हाल : सियारी गा.पा.-७, रुपन्देही। |
| **ख) नाम : विजय कुमार खवास**<br>बाबु : तोप बहादुर सिं खवास<br>बाजे : ओमनाथ सिं खवास<br>ना.प्र.नं. : ३७१०३३/२१४०९, जि.प्र.का., रुपन्देही।<br>मिति : २०६९/०४/१६<br>स्थायी ठेगाना : प अमवा गा.वि.स.-४, रुपन्देही।<br>हाल : सियारी गा.पा.-७, रुपन्देही। | **ग) नाम : विना गुरुङ्ग खवास**<br>बाबु : नाम बहादुर गुरुङ्ग<br>पति : राजकुमार खवास<br>ससुरा : तोप बहादुर खवास<br>ना.प्र.नं. : ३६-०१-७४-०५५१३, जि.प्र.का., रुपन्देही।<br>मिति : २०७४/०६/२२<br>ठेगाना : सियारी गा.पा.-७, रुपन्देही। |
| **घ) नाम : रिमा खवास**<br>बाबु : धनी लाल दंगोरिया<br>पति : बिजय कुमार खवास<br>ससुरा : तोप बहादुर सिं खवास<br>ना.प्र.नं. : ३७-०१-७५-१०६८४, जि.प्र.का., रुपन्देही।<br>मिति : २०७५/०८/२६<br>ठेगाना : सियारी गा.पा.-७, रुपन्देही। | **धितोमा रहेको सुरक्षणको विवरण**<br>मालपोत कार्यालय भैरहवा रुपन्देहीमा टोप बहादुर सिं खवास को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला प. अमवा गा.वि.स. वडा.नं. ४ख २२ स्थित कि.नं. ४६ को क्षेत्रफल १३९.५० ब.मि. को जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत। |

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८२/०६/०७ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय ड्राईभरटोल, रुपन्देहीमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको शाखा कार्यालय, ड्राईभरटोल, रुपन्देहीमा सम्पर्क राख्न सक्नु हुनेछ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np


## च्याटजीपीटीले आत्महत्या गर्न उक्सायो

१६ वर्षीय एडम रेइन मानसिक तनावमा थिए र बारम्बार आत्महत्या गर्ने विचार व्यक्त गर्दै आएका थिए। उनले च्याटजीपीटीसँग कुराकानी गरे। त्यहाँ उनले आफ्नो निराशा र आत्मघाती सोचका बारेमा पनि बताएका थिए।

सामान्यतया प्रणालीले यस्तो अवस्थामा सहयोगी संस्था वा विशेषज्ञहरूसँग सम्पर्क गर्न सुझाव दिनुपर्ने भए पनि, परिवारको दाबी अनुसार च्याटजीपीटीले उल्टै उसको आत्महत्या गर्ने भावनालाई जायज ठहऱ्यायो। त्यसपछि उनले आत्महत्या गरे भन्ने आरोप परिवारजनको छ।

यसपछि मे र जुन महिनामा एडमको परिवारले अनुसन्धान थाल्यो। के पाइयो भने एडमले प्रयोग गरेको च्याट लग सुरक्षित थियो। त्यही च्याट लगका आधारमा परिवारले कानूनी विकल्प खोज्न थाले र वकिल जे एडेल्सनसँग सम्पर्क गरे।

च्याटजीपीटीले किशोरलाई खतरनाक अवस्थामा पुऱ्याएको आरोपलाई कानूनी आधारमा तयार पार्न थालियो। वकिल एडेल्सनले औपचारिकरूपमा तयारी पूरा गर्दै ओपन एआईविरुद्ध लापरबाही र गलत किसिमले मृत्यु रोज्न उक्साउकोमा मुद्दा दायर गर्ने घोषणा गरे।

गएको साता अमेरिकाको क्यालिफोर्नियास्थित सुरु अदालतमा मुद्दा दायर गरियो। ओपन एआईविरुद्ध दायर गरिएको यो पहिलो 'गलत मृत्यु'सम्बन्धी कानूनी उपचार खोज्ने प्रक्रिया थियो। परिवारले अदालतमा प्रस्तुत गरेको प्रमाणमा एडम र च्याटजीपीटी बीचको वार्तालाप समावेश गरिएको बताइएको छ।

मुद्दा दायर भएपछि ओपनएआईले सार्वजनिक प्रतिक्रिया दिँदै कहिलेकाहीं प्रणालीले अपेक्षाअनुसार संवेदनशील अवस्थामा व्यवहार नगरेको स्वीकार गऱ्यो। कम्पनीले नयाँ अभिभावक नियन्त्रण सुविधा ल्याउने घोषणा गरेको छ।

# घुँगीका लागि प्रेमिकाको खोजी

नेड एउटा साधारण तर राम्रो स्वभावको घुँगी हो, जसको बसोबास बगैंचामा छ। यदि उसले डेटिङ प्रोफाइल बनाएको भए, त्यहाँ लेखिएको हुन्थ्यो - 'धैर्यशील श्रोता, आफ्नो सानो खोलघरमा खुसी, ब्रोकाउली मनपर्छ, प्रेम खोज्दैछ।'

तर नेडको प्रेम जीवन खासै सहज छैन। उसले वरिपरिका सबै सम्भावित साथीहरू खोजिसकेको छ, तर अझै पनि एक्लै छ। यसको कारण पनि रोचक छ। त्यो के हो भने, नेडको खोल बायाँतर्फ घुमेको छ। घुँगीको खोल बायाँतर्फ हुनु निकै दुर्लभ कुरा हो। ४० हजार घुँगीमा मात्र एउटा यस्तो हुन्छ। यस्तो खोल भएको घुँगीको प्रजनन अंग अरू घुँगीहरूसँग मिल्दैन। जसकारण उनीहरूको जोडी सहज बन्न सक्दैन।

यदि उसले अर्को बायाँ खोल भएको घुँगिनी फेला पार्न नसके नेडले जीवनभर एक्लै बस्नुपर्नेछ।

उत्तरी टापुको वैरारापामा आफ्नो घरको बारीमा तरकारीको टुक्रा झारपात केलाइरहेका बेला जिसेल क्लार्कसनको आँखा नेडमा पर्न गयो।

'देख्नेबित्तिकै मैले नेडलाई झारपातमा एक्लै छाड्न सक्दिनँ,' उनले भनिन्। त्यसपछि उनले न्यूजिल्यान्ड जियोग्राफिकमा आफ्ना सहकर्मीहरूलाई नेडको फोटो पठाइन्। यो थाहा पाएपछि न्यूजिल्यान्डकी गिजेल क्लार्कसनले नेडका लागि साथी खोज्ने अभियान सुरु गरिन्। उनले यो घुँगी आफ्नै बगैंचामा पत्ता लगाएकी थिइन्। क्लार्कसन प्रकृतिप्रेमी हुन्। उनले घुँगीहरूका बारेमा लेखेको पुस्तक 'द अब्जर्भोलोजिस्ट' पनि प्रकाशित छ। पुस्तककी लेखक एवं चित्रकार क्लार्कसन घुँगीको प्रेममा रुचि राख्छिन्। उनी लामो समयदेखि साइनिस्ट्रल वा बायाँ खोल भएका घुँगी खोज्दै आएकी छन्।

उनले नेडको फोटो खिचेर न्यूजिल्यान्ड जियोग्राफिक पत्रिकामा पठाइन् र देशभर अभियान चल्यो। पत्रिकाले नेडका लागि साथी खोज्ने राष्ट्रव्यापी अभियान सुरु गऱ्यो। अभियानको नाम बायाँ हाते पात्र नेड फ्लान्डर्सको नामबाट 'द सिम्पसन्स' राखिएको थियो। नेड फ्लान्डर्सले एकपटक द लेफ्टोरियम नामक स्टोर खोलेका थिए।

नेडलाई 'द सिम्प्सन्स' टेलिभिजन कार्यक्रमको बायाँ हात प्रयोग गर्ने पात्र नेड फ्ल्यान्डर्सको नाममा नामकरण गरिएको हो। घुँगीहरू उभयलिंगी (दुवै लिंग भएका) हुन्छन्। नेडलाई 'ऊ' भनेर उल्लेख गरिएको छ।

क्लार्कसन भन्छिन्, 'दायाँ घुमिएको खोल भएको र बायाँ घुमिएको खोल भएको घुँगीबीच समागम हुन सक्दैन। त्यसैले



नेडका लागि अर्को बायाँतर्फ घुमिएको घुँगी भेटिनु अनिवार्य छ।' 'जब दायाँ खोल खोल भएको घुँगी र बायाँ खोल खोल भएको घुँगी भेट्छन्, उनीहरू माथि स्लाइड गर्न सक्दैनन् र यौन अंगहरूको सही मिलन हुँदैन,' क्लार्कसनले भनिन्, 'त्यसैले लेफ्टीले केवल अर्को लेफ्टीसँग मात्र समागम गर्न सक्छ।'

तर अहिलेसम्म नेडको लागि उपयुक्त साथी भेटिएको छैन। यसबारे धेरै मानिसहरूले उत्साह देखाएका छन्। तर, हालसम्म प्राप्त फोटोहरू सबै दायाँ खोल भएका घुँगीका मात्र छन्।

'धेरैले नेडसँग आत्मीयता महसुस गरेका छन्। आफू पनि प्रेम खोजिरहेकाले नेडलाई आशाको प्रतीकका रूपमा हेरेका छन्,' क्लार्कसन भन्छिन्, 'तर, अहिलेसम्म कुनै 'बायाँवाला' साथी भेटिएको छैन।'

यो अनौठो प्रेमकहानीले विश्वभरको ध्यान तानेको छ। तर न्यूजिल्यान्डको कडा जैविक सुरक्षा नियमका कारण विदेशबाट घुँगी ल्याउन मिल्दैन।

यसअघि पनि बेलायतमा यस्तै घुँगी 'जेरेमी'का लागि यस्तो अभियान चलेको थियो। सन् २०१७ मा बेलायती साइनिस्ट्रल स्नेल जेरेमीको दुई वर्षको छोटो जीवनपछि मृत्यु भयो। यसको नाम वामपन्थी राजनीतिज्ञ एवं बगैंचाप्रेमी जेरेमी कोर्बिनको नाममा राखिएको थियो।

जेरेमीका लागि बायाँ खोल खोल भएको साथीको खोजले सम्भावित जोडी खोज्न प्रेरित गऱ्यो। सुरुमा उनीहरूले एक अर्कालाई मन पराउँथे। तर उसको मृत्युको समयसम्म उनीहरूका ५६ बच्चा भएका थिए र ती सबै दायाँ खोल खोल भएको थाहा भयो।

वैज्ञानिकहरूका लागि बायाँ खोल खोल भएको घुँगीको अध्ययन दुर्लभ आनुवंशिक उत्परिवर्तन बुझ्ने आकर्षक अवसर हो। युरोपमा गरिएको अनुसन्धानले प्रत्येक ४० हजार घुँगीमा एउटा बायाँ खोल भएको घुँगी हुन्छ भन्ने देखाएको छ।

नेड अहिले क्लार्कसनको बैठक कोठामा राखिएको ट्र्यांकीमा बस्छ। उसले एक्लोपन महसुस गर्छ या गर्दैन भन्ने थाहा छैन। क्लार्कसन भन्छिन्, 'सायद उसले एक्लोपन महसुस नै गर्दैन होला। तर, मलाई भने उसको प्रेमजीवनको चिन्ता लागिरहन्छ।'

उनको भन्छिन्, 'मैले कहिल्यै एउटै घुँगीको लागि यति चिन्ता गरेकी थिइनँ। म दिनमा धेरैपटक उसलाई हेरिरहन्छु।'

नेडको खोल हर्दा उसको उमेर करिब ६ महिनाको मात्र छ। घुँगीहरू सामान्यतया दुईदेखि पाँच वर्ष बाँच्छन्। यसैले उसको लागि अझै समय छ। अब उसलाई चाहिएको छ - एउटा बायाँतर्फ मोडिएको खोल भएको साथी।



**डोरीमा साइकल सरर :** गुल्मीको मदाने गाउँपालिकाले ७ नम्बर वडाको रोल्माको तिखेचुलीमा निर्माण गरेको स्काइ साइक्लिङमा मनोरञ्जन लिँदै स्थानीय। गाउँपालिकाले ७४ लाख रुपैयाँभन्दा बढीको लागतमा यस क्षेत्रमा जिपलाइन र स्काइ साइक्लिङ सञ्चालनमा ल्याएको छ। *तस्बिर : रासस*

# कान्तिपुर सिटी कलेजमा बीटेक एआई




काठमाडौं। पूर्वाञ्चल विश्वविद्यालयसँग आबद्ध कान्तिपुर सिटी कलेज (केसीसी) ले मुलुकको शैक्षिक आवश्यकता र विश्वव्यापी प्रविधि विकासलाई ध्यानमा राख्दै प्राविधिक शिक्षातर्फ बीटेकमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) कार्यक्रम सुरु गरेको छ। कलेजले नेपालमै पहिलो पटक स्नातक तहमा एआई कार्यक्रम सुरु गरेको जनाएको हो।

कलेजका अनुसार यस कार्यक्रमले विद्यार्थीलाई कृत्रिम बुद्धिमत्ता सम्बन्धी गहिरो ज्ञान, अनुसन्धान र व्यावहारिक सीप प्रदान गर्नेछ। पाठ्यक्रममा मेसिन लर्निङ, डीप लर्निङ, डाटा साइन्स, न्याचुरल ल्याङ्ग्वेज प्रोसेसिङ, कम्प्युटर भिजन, रोबोटिक्स लगायत विषय एआई कोर्समा समावेश गरिएको छ। प्रत्येक सेमेस्टरमा एआईका परियोजना, अनुसन्धान गर्ने शिक्षा दिइने र अन्तिम वर्षमा कैपस्टोन परियोजना अनिवार्य रहने व्यवस्था गरिएको कलेजले उल्लेख गरेको छ।

बीटेक इन एआईको मार्गचित्रबारे जानकारी दिन कलेजले बंगलादेशको ढाका विश्वविद्यालयका प्राध्यापक डा.मोइनुल इस्लाम जाबेरको विशेष उपस्थितिमा अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरेको थियो। कार्यक्रममा नेपालमा एआईको शैक्षिक दायरा, अनुसन्धान सम्भावना र डिजिटल अर्थतन्त्रमा यसको भूमिकाबारे छलफल भएको कलेजले जनाएको छ।

कार्यक्रमले कृषि, स्वास्थ्य, शिक्षा, वित्त र यातायातजस्ता क्षेत्रमा एआईमा आधारित समस्या समाधान विकास गर्न सक्ने प्राविधिक विशेषज्ञ तयार गर्नेछ। यसले युवालाई विदेश पलायनबाट रोक्दै स्वदेशमै उच्चस्तरीय अध्ययन गर्ने अवसर दिलाउने अपेक्षा गरिएको छ।

बीटेक इन एआई कार्यक्रमका लागि शैक्षिक सत्र २०२५ का लागि भर्ना खुला गरिएको कलेजले जनाएको छ। भर्ना योग्यता १२ उत्तीर्ण वा सो सरह तोकिएको छ।

सूचना प्रविधि, इन्जिनियरिङ, व्यवस्थापन र सञ्चार-पत्रकारिता क्षेत्रमा विगत २५ वर्षदेखि शिक्षा प्रदान गर्दै आएको कान्तिपुर सिटी कलेजले हालसम्म १० हजारभन्दा बढी दक्ष जनशक्ति उत्पादन गरिसकेको छ।

# कलंकीमा लेमिनार टायल्सको नयाँ शोरूम




काठमाडौं। भिट्रिफाइड टायल्स लेमिनार टायल्सले काठमाडौंमा आफ्नो विशेष डिलर शोरूम सञ्चालनमा ल्याएको छ। कलंकीको टंकेश्वर टाइल एण्ड मार्बल हाउस प्रालिलाई आधिकारिक डिलरको रूपमा नियुक्त गरी लेमिनार टायल्सले शोरूम खोलेको हो।

औपचारिक समारोह आयोजना गरी डिलर शोरूम खोलिएको जानकारी कम्पनीले दिएको छ। शोरूमको टंकेश्वर टाइल एण्ड मार्बल हाउस प्रालिका सञ्चालक प्रज्ज्वल अधिकारी र लेमिनार टायल्सका निर्देशकद्वय अभिनभ चुरिवाल र आशुतोष खेतानले संयुक्तरूपमा उद्घाटन गरे।

निर्देशक चुरिवालले लेमिनार टायल्स देशभर एक सयभन्दा बढी विशेष शोरूमहरू स्थापना गर्ने लक्ष्यका साथ अघि बढिरहेको बताए। अर्का निर्देशक खेतानले लेमिनार भिट्रिफाइड टायल्स बलियो र टिकाउ रहेको, यसको लोड बियरिङ क्षमता र ब्रेकिङ स्ट्रेन्थ अरू टायल्सभन्दा बढी रहेको बताए।


बर्दियाको गुलरियामा १२.५ बिघा क्षेत्रफलमा अवस्थित अत्याधुनिक युरोपेली प्रविधियुक्त उत्पादन केन्द्रबाट लेमिनार टायल्सको उत्पादन भइरहेको छ। कम्पनीले ५ सयभन्दा बढी आकर्षक डिजाइनमा ५ फरक आकारका टायल्स बजारमा उपलब्ध गराएको छ। यी टायल्सहरू पूर्ण भिट्रिफाइड भएकाले ९९.९२ प्रतिशतसम्म वाटरप्रुफ भएको कम्पनीको दाबी छ। साथै, उच्च गुणस्तरको कच्चा पदार्थ तथा उन्नत उत्पादन प्रक्रियाका कारण अन्य सेरामिक टायल्सको तुलनामा चार गुणा बढी टिकाउ हुने पनि कम्पनीले जनाएको छ।

## फोहोरबाट बायोग्यास उत्पादन

# लगानी गरे पनि घरघरमा नआउँदा स्थानीय निराश

**युवराज आचार्य**
**झापा, भदौ १९**

बायोग्यास प्लान्टको व्यवस्थापन समितिले स्थानीयबासीलाई झुक्याएको छ। झापामा ठूलो बायोग्यास प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याइए पनि त्यसको सेवा पाउन नसक्दा स्थानीय निराश छन्। प्लान्ट निर्माणपछि स्थानीयलाई व्यावसायिकरूपमा पाइपलाइनबाट ग्यास वितरण गर्ने घोषणा प्रवर्धक कम्पनी कन्काई-बिर्ता-अर्ज‘न नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनीले गरेको थियो। उत्पादित ग्यास ठूला होटलहरूमा आपूर्ति गर्ने गरेकाले स्थानीयबासीले सेवा पाउन नसकेको गुनासो गरेका छन्।



**प्लान्ट सञ्चालनमा आएको आठ वर्षमा पनि वितरण सुरु नहुँदा लगानी खेर गएको भन्दै एथानीय निराश, कम्पनी भन्छ – उत्पादन थोरै छ, बाँड्न पुग्दैन**

प्लान्ट जिल्लाका कन्काई, बिर्तामोड, र अर्जुनधारा गरी तीन नगरपालिकाको साझेदारीमा निर्माण गरिएको हो। प्लान्ट सञ्चालनमा आएको ८ वर्ष भइसकेको छ। कम्पनीले अन्तै ग्यास दिइरहेकाले घोषणा र योजनाअनुरुप नगरबासीका घरघरमा पाइपबाट पुऱ्याउन चासो नदिएको स्थानीयको आरोप छ। निर्माणअघि फोहोरबाट ग्यास उत्पादन गरी पाइपलाइनमार्फत घर-घरमा पुऱ्याउने महत्वाकांक्षी योजना सार्वजनिक गरिएको थियो।

कम्पनीले घर-घरमा ग्यास वितरण गर्न चासो नदिएको कन्काई-२ की विष्णुमाया श्रेष्ठले बताइन्। ‘सरकारको अनुदान सहयोग र स्थानीय लगानीमा ठूलो बायोग्यास प्लान्ट निर्माण गर्दा घरघरमा पाइपबाट ग्यास वितरण गर्ने भनी प्रचार गरिएको थियो,’ उनले भनिन्, ‘तर, ८ वर्ष बितिसक्दा पनि कहिलेबाट वितरण सुरु हुने अत्तोपत्तो छैन।’

कन्काई, बिर्तामोड र अर्ज‘नधारा नगरपालिकाले संयुक्तरूपमा अगाडि सारेको व्यावसायिक बायोग्यास आयोजना तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले शिलान्यास गरेका थिए। २०७५ सालमा निकै तामझाम गरेर काम सुरु गर्दा यो आयोजनालाई झापाको मात्र नभई प्रदेशस्तरमै नमूना बनाउने दाबी गरिएको थियो।

नगरपालिकाबाट निस्कने फोहोर व्यवस्थित गर्दै नागरिकलाई स्वच्छ ऊर्जाको पहुँच दिने तथा आर्थिक गतिविधिमा समेत टेवा पुऱ्याउने लक्ष्यसहित बायोग्यास प्लान्ट निर्माण थालिएको थियो। जिल्लाका ३ वटै नगरपालिकामा घरघरमा पाइपलाइनबाट ग्यास पुऱ्याउने घोषणाले सर्वसाधारण उत्साहित भएका थिए। तर, प्रवर्धक कम्पनीले घोषणा अनुसारको काम नगरेको श्रेष्ठले गुनासो गरिन्।

बायोग्यास प्लान्ट आयोजना बनाउन कूल लगानीको ६० प्रतिशत सरकारले दिएको थियो भने ४० प्रतिशत लगानी स्थानीय स्तरबाट उठाइएको थियो। आफुहरूले पनि त्यसमा लगानी गरेको उनले बताइन्।

‘बनाउन थाल्दा फोहोरलाई मोहोर बनाउने भनेर प्रचार गरियो। बनेपछि कहिले दिने भन्ने कम्पनीले चासो दिएको छैन,’ उनले भनिन्।

स्थानीयका अनुसार प्लान्टमा सर्वसाधारणले आफ्नो क्षमताअनुसार न्यूनतम ५ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म लगानी गरेका छन्। घरघरबाट लगानी उठाएर आयोजना बनाउँदा पनि सेवा पाउन नसकेको कन्काई-२ की सीतादेवी ढकालले बताइन्। प्लान्टबाट निस्कने ग्यास पाइपबाट नगरबासीको घर-घरमा जोड्ने घोषणा भएपछि आफ्नो छोराले पनि ५० हजार रुपैयाँ दिएको उनले सुनाइन्।

‘फोहोरबाट निस्कने ग्यास पाइपबाट घर-घरमा पुऱ्याउने भनियो तर, अहिले ठूला-ठूला सिलिन्डरमा भरेर होटल होटलमा पुऱ्याएर बेचिरहेको छ। हामीले पाउनु त सपनै भयो,’ उनले भनिन्।

करिब एक हजार घरधुरीले पाइपलाइनमार्फत ग्यास उपभोग गर्न सक्ने क्षमताको प्लान्ट निर्माण गर्न थाल्दा स्थानीय खुसी भएका थिए। कन्काई-२ स्थित स्थानीय सन्का खोलाको बाँधमा रहेको कन्काई-बिर्ता-अर्ज‘न नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन आयोजनामा अहिलेसम्म १६ करोड रुपैयाँ बढी लगानी भइसकेको छ। योजनामा कन्काई, बिर्तामोड र अर्ज‘नधारा नगरपालिकाले समान २ करोड ५४ लाख रुपैयाँ लगानी गरेका छन्।

जनसहभागितासहित करोडौंको लगानीमा सञ्चालन भएका योजना सञ्चालनमा ढिलासुस्ती हुनु प्राविधिक कमजोरी, लगानीको पारदर्शितामा देखिएका प्रश्न र नेतृत्व तहबीचको समन्वय अभाव रहेको जानकारहरू बताउँछन्।

प्रवर्धक कम्पनीले भने काम निरन्तर भइरहेको बताउँदै छिटै लक्ष्यअनुरूप सेवा दिने दाबी गरेको छ। अहिले कुल क्षमताको ३० प्रतिशत मात्रै प्लान्टले बायोग्यास उत्पादन गरिरहेकाले तत्काललाई नगरबासीमा वितरण गर्न सम्भव नभएको कम्पनीका प्रमुख कार्यकारी अधिकृतरूपक कार्कीले बताए।

‘अहिले क्षमताभन्दा कम ग्यास उत्पादन भइरहेको छ,’ उनले भने, ‘प्राविधिक कारणले केही ढिलो हुन गएको हो। अहिले नै निराश हुनुपर्ने अवस्था छैन।’ उनले घोषणाअनुरूप नै नगरबासीलाई पाइपलाइनबाट ग्यास वितरणको योजनामा काम गरिरहेको पनि दाबी गरे।

# महालक्ष्मी विकास बैंकको क्रेडिट कार्ड टुर प्याकेज योजना



काठमाडौं। ग्राहकहरूलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ सुविधा उपलब्ध गराउँदै आएको महालक्ष्मी विकास बैंकले आगामी चाडपर्वहरूलाई लक्षित गर्दै बैंकको क्रेडिट कार्ड प्रयोग गरी सहज र सुरक्षित तरिकाले टुर तथा भ्रमण प्याकेज खरिद गर्न सकिने सुविधाको सुरुवात गरेको छ। चाडपर्वहरूमा नेपालीहरू विभिन्न देशहरू घुम्न जाने प्रचलनलाई मध्यनजर गर्दै बैंकले यो योजना ल्याएको हो

यसअन्तर्गत बैंकले विभिन्न प्रतिष्ठित ट्राभल एजेन्सीहरूसँग व्यावसायिक सहकार्यका लागि सम्झौता समेत गरिसकेको छ। प्रारम्भिक चरणमा पर्यटकहरूले गुरु ट्राभल्स, दरबारमार्ग र रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्स उत्तरढोका काठमाडौंमार्फत यो सुविधा लिन सक्ने बैंकले जनाएको छ।

सम्झौताअन्तर्गत महालक्ष्मी विकास बैंकका क्रेडिट कार्ड वाहकहरूले ट्राभल एजेन्सीमार्फत विभिन्न टुर प्याकेज खरिद गर्दा कार्ड प्रयोग गर्न सक्नेछन्। साथै आफूले खरिद गरेको टुर प्याकेजको मूल्य बराबरको रकमको भुक्तानी ६ देखि १२ महिनासम्मको लचिलो अवधि रहने गरी मासिकरूपमा भुक्तान गर्न मिल्ने गरी रूपान्तरण गर्नसमेत सक्ने बैंकले उल्लेख गरेको छ।

आफूले खरिद गरेको टुर प्याकेजको बिल पेस गरेपश्चात् सहजरूपमा नै सो कारोबारलाई मासिक किस्तामा परिवर्तन गरिदिनेछ र यसरी मासिक किस्तामा परिवर्तन गर्दा बैंकले इएमआई प्रोसेसिङ शुल्क नलाग्ने बैंकले जनाएको छ। यस कार्यको सुरुवातसँगै डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न र चाडपर्वहरूलाई थप उत्साहमय र अर्थपूर्ण बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

हालै मात्र बैंकले आफ्नो मोबाइल बैंकिङ एप ‘महालक्ष्मी स्मार्ट साथी’ मा भर्चुअल क्रेडिट कार्डको सुविधा थप गरेको छ। ‘सबल बैंक, सफल सहकार्य’ को नारा रहेको बैंकको देशभर १०३ शाखा कार्यालय र ८ लाख ग्राहक छन्।

# नेका एजुकेशन फेयर हुँदै




काठमाडौं। नेशनल एजुकेशनल कन्सलटेन्सी एशोसिएसन (नेका) ले आगामी भदौ २४ गते मंगलबार काठमाडौंको होटल एभरेष्टमा नेका एजुकेशन फेयर २०८२ आयोजना गर्ने भएको छ।

शैक्षिक मेलामा अष्ट्रेलिया, बेलायत, अमेरिका, क्यानडा, जापान, दक्षिण कोरिया, भारतसहित युरोपका विभिन्न मुलुकका २९ प्रतिष्ठित शैक्षिक संस्थाहरू सहभागी हुनेछन्। सहभागी संस्थाहरूले व्यक्तिगत परामर्श, कोर्स छनोट, भर्ना प्रक्रिया, भिसा र छात्रवृत्ति अवसरबारे जानकारी प्रदान गर्नेछन्।

योग्य विद्यार्थीहरूले शतप्रतिशतसम्म छात्रवृत्ति पाउने अवसर पाउने व्यवस्था गरिएको नेकाले जनाएको छ।

नेका अध्यक्ष सन्तोष प्याकुरेलका अनुसार कार्यक्रममा विद्यार्थीले प्रत्यक्ष विश्वविद्यालय प्रतिनिधिसँग भेटघाट गर्दै अध्ययन अवसर, आवेदन प्रक्रिया र भिसा सम्बन्धी प्रश्न सोध्न सक्नेछन्। प्रारम्भिक आगन्तुकका लागि निःशुल्क आइइएलटीएस तयारी सत्रको सुविधा पनि रहनेछ।

फेयरका लागि मलेसियन एयरलाइन्स आधिकारिक एयरलाइन साझेदार र ग्लोबल आईएमई बैंक बैंकिङ साझेदार छन्। साथै, फ्रान्स, अस्ट्रेलिया, बेलायत र मध्यपूर्वका प्रमुख शैक्षिक संस्थाहरूले सहभागिता जनाउने नेकाले जनाएको छ।

नेका नेपालले यो फेयर नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय शिक्षा अवसरसँग प्रत्यक्षरूपमा जोड्ने महत्त्वपूर्ण पहल हुने विश्वास व्यक्त गरेको छ।

# एनएमबि बैंकका कर्मचारी र ग्राहकलाई बुटवल हस्पिटलमा १५ प्रतिशतसम्म छुट



काठमाडौं। एनएमबि बैंकका कर्मचारी र ग्राहकले बुटवल हस्पिटलबाट प्राप्त गर्ने सेवामा छुट प्राप्त गर्ने भएका छन्। यसका लागि बैंक र बुटवलस्थित हस्पिटलबीच सम्झौता भएको हो।

सम्झौतापत्रमा एनएमबि बैंक लुम्बिनी प्रदेश प्रमुख शम्भुप्रसाद पराजुली र बुटवल हस्पिटल प्रालिका अध्यक्ष चुन्नुप्रसाद पौडेलले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार एनएमबि बैंकका कर्मचारी, परिवार एवं ग्राहकहरूले हस्पिटलले प्रदान गर्ने सेवाहरूमा विशेष छुट पाउनेछ्न । हस्पिटलले प्रदान गर्ने सेवाहरूमा ५ देखि १५ प्रतिशतसम्म छुट दिने सम्झौतामा छ।

छुट पाउनको लागि एनएमबि बैंकको खाताबाट रकम भुक्तानी गर्न‘ पर्नेछ। भुक्तानीका लागि एनएमबि बैंकको एटीएम, क्रेडिट कार्ड, इन्टरनेट बैकिङ, मोबाइल बैकिङ, कर्पोरेट पे, कनेक्ट आईपीएस, क्युआर कोड प्रयोग गर्न‘पर्ने जनाइएको छ।

एनएमबि बैंकले देशभर आफ्ना २०२ शाखा, १८७ एटीएम र ९ एक्सटेन्सन काउन्टरहरूमार्फत वित्तीय सेवा प्रदान गदै आएको छ।

# स्काइवर्थको दशैंतिहार अफरमा क्यासब्याक





काठमाडौं। नेपालमा स्काइवर्थको आधिकारिक वितरक स्मार्ट एप्लायन्सेसले चाडपर्वलाई लक्षित गर्दै स्काइवर्थ होम एप्लायन्सेसका उत्पादनमा विशेष छुट योजना ल्याएको छ। दशैं, तिहार र छठ पर्वका अवसरमा उपभोक्तालाई ४० प्रतिशतसम्म क्यासब्याक दिने घोषणा गरी अफर ल्याएको हो।

‘पर्वहरूको उमंग स्काइवर्थसँग सबै दंग’ भन्ने नारासहित सुरु गरिएको यो योजनामा स्काइवर्थका स्मार्ट टीभी, रेफ्रिजेरेटर, वाशिङ मेसिन, एयर कन्डिसनर र चेस्ट फ्रिजर खरिदमा विशेष छुट र आकर्षक उपहारको व्यवस्था गरिएको कम्पनीले जनाएको छ।

स्काइवर्थका वरिष्ठ मार्केटिङ अधिकृत विवेक राठीले पर्वलाई परिवारसँग खुसी बाँड्ने अवसर भएको बताउँदै यो अफरमार्फत ग्राहकको खुसीमा थप खुसी जोड्ने प्रयास गरिएको बताए। स्काइवर्थका उत्पादनमा ४० प्रतिशतसम्मको क्यासब्याक र आकर्षक उपहारहरूले कम्पनीको अभियानलाई थप अर्थपूर्ण बनाउने दाबी उनले गरे। कम्पनीका अनुसार अफर नेपालभर रहेका स्काइवर्थका सबै शोरूम र बिक्रीस्थलमा लागू हुनेछ। भदौ १५ देखि सुरु भएको योजना कात्तिक १५ गतेसम्म रहने कम्पनीले जनाएको छ।

# नेप्से २७१९ विन्दुमा, लगानीकर्ताको आशा अझै बाँकी




news24
**काठमाडौं, भदौ १८**

काठमाडौं। साताको अन्तिम कारोबार दिन बजार शेयर बजार सूचक नेप्से दोहोरो अंकले घटेको छ। तर, कारोबार रकम भने अघिल्लो दिनका तुलनामा बढेको छ। बिहीबार नेप्से ३८.१० अंकले घटेर २७८१ विन्दुमा रह्यो। शेयर कारोबार ८ अर्ब ९ करोड ५६ लाख रुपैयाँको भएको छ।

१३ मध्ये म्युचुअल फण्ड र निर्जीवन बीमाबाहेक सबै उपसमूह घट्दा नेप्से परिसूचक घटेको हो। विकास बैंक सर्वाधिक २.३८ प्रतिशतले घटेको छ। फाइनान्स १.९७, उत्पादन तथा प्रशोधन र अन्य १.७०, जीवन बीमा १.६५, लगानी १.५८ जलविद्युत् १.४४ र लघुवित्त १.४० प्रतिशतले घटेका छन्।

२२७ कम्पनीको शेयरमूल्य घट्दा २४ कम्पनीको बढेको छ। बढेकामध्ये दोस्रो बजार कारोबारमा आएयता लगातार उच्च भएको विकास हाइड्रोपावरको शेयरमा पोजेटिभ सर्किट लागेको छ।

उच्च कारोबार हुने कम्पनीमा नेपाल रिइन्स्योरेन्सको ६५ करोड ४४ लाख, हिमालयन रिइन्स्योरेन्सको ६० करोड ६९ लाख, हिमालयन डिष्टिलरीको ३५ करोड ४ लाख, शिवम् सिमेन्टको २२ करोड ४२ लाख र युनाइटेड मोदी हाइड्रोपावरको शेयर १९ करोड ४९ लाख रुपैयाँको किनबेच भएको छ। यसअघि बुधबार परिसूचकसँगै कारोबार रकम बढेको थियो। नेप्से ५३.०१ अंकले बढेर २८१९.१० को विन्दुमा रहँदा शेयर कारोबारको रकम पनि बढेर ७ अर्ब ६८ करोड ३३ लाख रुपैयाँ भएको थियो। मंगलबार नेप्से ४.८३ अंकले बढेर २७६६.०९ को विन्दुमा रहँदा कारोबार रकम घटेर ४ अर्ब १८ करोड ५३ लाख रुपैयाँमा खुम्चिएको थियो।

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| हिमस्टार ऊर्जा क.लि. | ३५५.९० | ३२.३० | ९.९८ |
| विन्ध्यवासिनी हाइड्रोपावर | ५५८.५५ | ३३.४९ | ६.०७ |
| माथिल्लो मैलुङ्खोला हाइड्रो पावर | ५९५.३५ | ३३.९७ | ६.०५ |
| उपकार लघुवित्त वित्तीय संस्था | ३७६०.५३ | १८२.२५ | ५.०९ |
| सिटिजन्स म्युचुअल फण्ड-२ | ९.९२ | ०.३८ | ३.९८ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| बाराही हाइड्रोपावर | ७२०.०२ | -२८.६८ | -३.८३ |
| पिपुल्स पावर | २९६.०४ | -१०.५८ | -३.४५ |
| दिव्यश्वरी हाइड्रोपावर | २९३.४८ | -१०.४८ | -३.४५ |
| ग्रीन डेभलपमेन्ट बैंक | १०७९.०३ | -३६.८० | -३.३० |
| ग्लोबल आइएमई समुन्नत यो जना-२ | ८.८२ | -०.२८ | -३.०८ |

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २७१९.७७ |
| कारोबार रकम (रु) | ५,१४४,३२२,२५८ |
| कारोबार भएको शेयर संख्या | १२,७०१,०९७ |
| कारोबार भएका कम्पनी | ३१७ |
| बजार पुँजीकरण | ४,५४६,७४३,१२७,८०० |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४२९.०१ | -०.३१ |
| विकास बैंक | ५,६८५.२७ | -०.३८ |
| फाइनान्स | २,३७१.४४ | -०.३७ |
| होटल तथा पर्यटन | ६,८४८.५८ | -०.६५ |
| जलविद्युत् | ३,४४३.२६ | -०.०२ |
| लगानी | १०८.६६ | -०.३४ |
| जीवन बीमा | १२,७६८.४४ | -०.३९ |
| उत्पादन तथा प्रशोधन | ७,४४०.९३ | -०.१९ |
| लघुवित्त | ५,०२३.४८ | -०.१५ |
| म्युचुअल फण्ड | २०.४० | ०.१३ |
| निर्जीवन बीमा | १२,२६६.४५ | -०.१० |
| व्यापार | ४,०४७.०७ | ०.५८ |
| अन्य | २,६४४.५५ | -०.५० |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि. | ३५३,५७०,१५१.७० | १६६९.०० |
| विन्ध्यवासिनी हाइड्रोपावर | १९०,००३,७९९.५० | ५८६.२० |
| हिमालयन रिइन्स्योरेन्स लि. | १७६,९०२,९१०.१० | ९९५.०० |
| युनियन हाइड्रोपावर लि. | १७५,८९६,४५८.४० | ४३४.१० |
| हिमालयन डिष्टिलरी | १५७,१७६,८३६.६० | १३९०.०० |

# 'डिजिटल नेपाल बनाउन इम्बोस्ड नम्बर जरुरी'

काठमाडौं। भौतिक पूर्वाधार तथा यातामन्त्री देवेन्द्र दाहालले डिजिटल नेपाल बनाउन सवारीमा इम्बोस्ड नम्बर जरुरी भएको बताएका छन्। संघीय संसदको बिहीबारको बैठकमा शून्य र विशेष समयमा उठेका प्रश्नको जवाफ दिँदै उनले सवारीमा एम्बोस्ड नम्बरका लागि सम्झौता पहिले नै भइसकाले अब सवारीधनीले अनिवार्यरूपमा जडान गर्नैपर्ने बताएका हुन्।

'सवारीसाधनमा इम्बोस्ड नम्बर जडान गर्नका लागि तीन पटकसम्म सम्झौता भएको देखिन्छ, वर्तमान सरकारले सम्झौता गरेको होइन। जडान नगर्ने हो भने तीन अर्ब पैसा सित्तैमा निर्माण कम्पनीलाई दिनुपर्ने हुन्छ,' उनले भने।

उनले पहिला नै सम्झौता गरिएको र कुनै चिज उत्पादन नगरिकन पैसा तिर्नुपर्ने भएकाले वर्तमान सरकारले इम्बोस्ड नम्बर राख्नुपर्ने आवश्यकता परेको बताए। उनले भाषा अंग्रेजीमा हुँदा कुनै पनि फरक नपर्नेसमेत दाबी गरे।

मन्त्रालयले यस प्रक्रियालाई अघि बढाएको जानकारी दिँदै उनले व्यक्तिगत, निजी वा सरकारी सवारी साधनका लागि अहिलेसम्म ६ लाख ३५ हजार ५ सय ४५ वटा नम्बर छपाइ भइसकेको र ८७ हजार ९८९ इम्बोस्ड नम्बर जडान भइसकेको जानकारी दिए।

'नेपाल सरकारले डिजिटल नेपालको अवधारणालाई आत्मसात गर्दै सरकारका तर्फबाट प्रवाह हुने सेवाहरू राहदानी, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, जग्गादर्ता लगायतका क्षेत्रमा गरेको अवस्था छ,' उनले भने, 'सो अनुरुप यातायात क्षेत्रलाई पनि डिजिटल क्षेत्रमा लैजानुपर्ने जरुरी छ। इम्बोस्ड नम्बर प्लेट जडान गरेपछि देशभरका सवारीसाधनको एकीन विवरण हुनेछ।'

उनले सवारी इजाजतका बारेमा एकिन विवरण हुने, सवारीसाधन चोरी, राजस्व छलिका विषयमा रोक्न पनि सहज हुने र सवारी साधानमा इम्बोस्ड नम्बर जडान गर्न निर्देशिकासमेत जारी भएको बताए। मन्त्री दाहालले सवारीसाधनको पहिचानका लागि संकेत नम्बर प्रविधिको कारण अंग्रेजी भाषामा राख्नुपर्ने हुँदा अन्तरदेशीयरुपमा आवतजावतमा सहयोग पुग्ने जिकिर गरे।

# मुग्लिन–मलेखु सडकको मर्मत सुरु

काठमाडौं। दशैंमा उपत्यका छाड्नेको यात्रा सहज बनाउन मुग्लिन-मलेखु सडकको मर्मत सुरु गरिएको छ। नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्डको मुग्लिन-मलेखु सडक स्तरोन्नतिसँगै मर्मतको काम पनि सुरु गरिएको हो।

यो सडक खण्ड चाडपर्वलाई लक्षित गरी मर्मत गर्न थालिएको सडक आयोजनाको पश्चिम खण्डका प्रमुख केदारप्रसाद नेपालले बताए। दशैंमा यो सडक हुँदै आवतजावत गर्ने यात्रुको संख्या बढी हुने भएकाले कालोपत्रबाहेक खाल्डाखुल्डी पुर्ने र सम्याउने काम थालिएको उनले जानकारी दिए।

नेपालका अनुसार दशैं अघि कालोपत्रबाहेक सडकका सानाठूला खाल्डा पुर्नेगरी काम थालिएको हो। 'दसैं, तिहारमा आवतजावत गर्ने यात्रीको संख्या बढी हुने भएकाले सहजताका साथै दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले मर्मतमा केन्द्रित भएका छौं,' उनले भने।

ठूला खाल्डा भएका ठाउँमा बाहिरबाट गिट्टी लगेर भर्न थालिएको छ भने सडक सम्याउने काम पनि भइरहेको उनले जानकारी दिए। यो खण्डको ३८ किलोमिटरमध्ये ८ किलोमिटर कालोपत्र भइसकेको छ।

'अरू केही भागमा कालोपत्र गर्ने तयारी गरिएको छ। त्यसबाहेकका खाल्डो परेका ठाउँहरूमा मर्मतसम्भारको काम थालिएको हो,' उनले भने।

बर्खाको समयमा कालोपत्र गर्न नमिल्ने भएकाले सडकको छेउमा स्टिल राख्ने तथा आरसीसी सेफ्टीबेरियरको काम भइरहेको जनाउँदै उनले योसँगै नाली निर्माण गरिएको बताए।

यो खण्डमा ६ मध्ये ४ वटा पुलको काम अन्तिम चरणमा पुगेको छ। मौवाखोला, खटौती र गौमती पुलको ढलान सकेर पहुँच सडकको काम भइरहेको उनले बताए।

वारबाङ पुल एक साताभित्र ढलान गरिँदैछ। यी चारवटै पुल दुई महिनाभित्र सम्पन्न भई सवारी आवागमनका लागि सञ्चालन गरिने नेपालले बताए। 'बाँकी रहेका चरौंदी पुलमा तीन फाउण्डेसनमध्ये दुईवटा सकिएको छ भने ह्युदीको तीन वटा फाउण्डेसनमध्ये एउटा सकिएको छ,' उनले भने। यी दुई पुल आगामी वर्षको मनसुन सुरु हुनु अघि सक्ने लक्ष्य छ।

आयोजनाका इञ्जिनियर विजय दरैका अनुसार हालसम्म सडक स्तरोन्नति ३५ प्रतिशत पुगेको छ। 'यस खण्डमा २.२ किमी ६ लेनको बन्नेछ, जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्छ ७.२ किलोमिटर सडक ४ लेन सडकको हुनेछ,' उनले भने।

चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालोओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने बताए। उनका अनुसार क्लाइम्बिङ मार्ग २.३ किलोमिटर हुनेछ भने बाँकी सडक दुई लेनको हुनेछ।

२०७९ पुस १५ मा तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का सम्झौता भएको थियो। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-नागढुंगा खण्डलाई ३ चरण बनाएर बोलपत्र आह्वान गरिएको हो। यो तेस्रो चरणअन्तर्गत पर्छ। यसमा ३८.८६ किलोमिटर सडक पर्ने आयोजना प्रमुख नेपालले जानकारी दिए।

शर्मा-जेडआईसीजीले ४ अर्ब ८० करोड ५९ लाखमा यस खण्ड स्तरोन्नतिको ठेक्का लिएको हो। सडकको विभिन्न क्षेत्रमा नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम गर्नुपर्ने इञ्जिनियर दरैले उल्लेख गरे।

यो सडक विश्व बैंकको सहयोगमा बनाउन लागिएको हो। काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड पर्छ। सडकमा सवारीको उच्च चाप र कच्चा पदार्थ पाउन कठिन हुँदा काममा ढिलाइ भएको निर्माण कम्पनीको भनाइ छ। सुरुका वर्षमा डिजाइन परिवर्तन हुँदा पनि काममा ढिलाइ भएको दरैले बताए।

# तयारी पोसाक उद्योग संघमा पाण्डे पुनः निर्वाचित



काठमाडौं। नेपाल तयारी पोसाक उद्योग संघको अध्यक्षमा पशुपतिदेव पाण्डे निर्विरोध निर्वाचित भएका छन्। प्योर क्लोथिङका सञ्चालक पाण्डेको नेतृत्वमा आगामी दुई वर्षको लागि संघको नयाँ कार्यसमिति चयन भएको हो।

नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समिति सदस्यसमेत रहेका पाण्डे यसअघि पनि संघको अध्यक्ष थिए। संघको निवर्तमान अध्यक्षमा चण्डीप्रसाद अर्याल, प्रथम उपाध्यक्षमा वसन्तराज अधिकारी (हिमालयन कटन फेसन एण्ड इन्टरनेशनल) र उपाध्यक्षमा भूपेन्द्रकुमार बस्नेत (विद्या एप्परेल्स) निर्विरोध निर्वाचित भएका छन्।

त्यस्तै महासचिवमा भीमकुमार गिरी (ब्ल्याक फेसन), सहसचिवमा थोमनाथ बस्याल (युनाइटेड फेसन निटिङ) चयन भएका छन् भने कोषाध्यक्षमा संजयकुमार अग्रवाल (हेरिटेज फेसन) निर्वाचित भएका छन्।

कार्यसमिति सदस्यमा क्रमशः कृष्णप्रसाद पाण्डे (ट्रान्सट्रिप गार्मेन्ट), सुरेशमान श्रेष्ठ (जम्फा निटिङ), हिराकाजी मुक्तान (लोगो फेसन), सतिश गिरी (अनुजित एपरेल्स), सचिन्द्र प्रधानांग (हिमालयन निट वेयर) र रमेशकुमार कर्ण निर्वाचित भएका छन्। त्यस्तै, आमन्त्रित सदस्यमा सन्दीप पौडेल चयन भएका छन्।

# एमजीले मिनी–मर्सिडिजप्रेरित साइबर एक्स ल्याउने




काठमाडौं। ब्रिटिश ब्रान्ड एमजी मोटरले नयाँ इलेक्ट्रिक एसयूभी साइबर एक्स उत्पादनमा ल्याउने तयारी गरेको छ। दुई वर्षभित्र बजारमा उपलब्ध हुने यो मोडललाई कम्पनीले परिवारमैत्री, कम्प्याक्ट र बजेटमैत्री इलेक्ट्रिक एसयुभीका रूपमा प्रस्तुत गर्ने तयारी गरेको हो।

साइबर एक्स पहिलोपटक शांघाई अटो शोमा कन्सेप्टका रूपमा सार्वजनिक भएको थियो। बक्सी र एङ्गुलर डिजाइनमा तयार गरिएको यस गाडीलाई एमजी यूकेका प्रोडक्ट प्लानिङ प्रमुख डेविड एलिसनले 'सुजुकी जिम्नीको आध्यात्मिक उत्तराधिकारी' भनेका छन्। ५ ढोकाको लेआउटसहितको यस मोडलले मर्सिडिज इक्यूबीजस्ता प्रिमियम एसयूभीलाई झल्काउने बताइएको छ।

साइबर एक्समा परम्परागत हेडलाइट, आकर्षक इन्टिरियर, ठूलो सेन्ट्रल टचस्क्रिन र फुल्ली डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर रहनेछन्। परिवारका लागि पर्याप्त हेडरूम र लेगरूमको सुविधा हुनेछ।

यसमा एमजीको नयाँ सेमी-सोलिड-स्टेट ब्याट्री प्रविधि प्रयोग हुने अपेक्षा गरिएको छ। चालकको दक्षता र ब्याट्री छनोटअनुसार यसले करिब ४८२ किलोमिटरसम्म रेन्ज दिन सक्ने कम्पनीको दाबी छ। सिंगल-मोटर फ्रन्ट ह्वील ड्राइभ भर्सन प्राथमिक हुने र उच्च स्पेक्समा अल ह्वील ड्राइभ उपलब्ध हुन सक्ने बताइएको छ।

विश्वव्यापीरूपमा ३० हजार युरोभन्दा कम मूल्यमा उपलब्ध हुने अनुमान गरिएको छ। कम्पनीले यसलाई शहरी प्रयोग, पारिवारिक आवश्यकता र हल्का अफ-रोड ड्राइभिङलाई सन्तुलन गर्ने पहुँचयोग्य इलेक्ट्रिक विकल्पका रूपमा प्रस्तुत गर्ने जनाएको छ।

एमजी मोटर, एसएआईसी मोटर कर्पोरेसनको स्वामित्वमा रहेको कम्पनी हो, जसले पेट्रोल, हाइब्रिडदेखि लिएर फुल्ली इलेक्ट्रिक मोडलसम्म दिगो र उन्नत सवारीसाधन उत्पादन गर्दै आइरहेको छ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणगढको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०५/२० गते News24 दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणगढको तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**


**तपसिल**

| ऋणीहरूको विवरण | व्यक्तिगत जमानीकर्ताहरूको विवरण |
|---|---|
| १. **साबित्री चौधरी**<br>ना.प्र.नं.- २१३३/०४४<br>जारी मिति - २०५९/०४/०५, जि.प्र.का. चितवन<br>बाबु - सुरेन्द्र कुमार चौधरी<br>स्थायी ठेगाना- चितवन जिल्ला कुमरोज गा.वि.स/उ.म.न.पा वडा नं. ०८<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स/म.न.पा वडा नं. १० | १. **हेमा चौधरी**<br>ना.प्र.नं.- ४०४८९<br>जारी मिति - २०६५/०२/१३, जि.प्र.का. चितवन<br>बाबु - सुरेन्द्र कुमार चौधरी<br>स्थायी ठेगाना- चितवन जिल्ला कुमरोज गा.वि.स/उ.म.न.पा वडा नं. ०८<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स/म.न.पा वडा नं. १० |
| २. **ममता तमाङ्ग**<br>ना.प्र.नं.- ३४-०१-७५-१३३७५<br>जारी मिति - २०७५/०८/१२, जि.प्र.का. पर्सा<br>बाबु - बिर बहादुर तमाङ्ग<br>पति - स्यानु कान्छा पाखिन<br>स्थायी ठेगाना- पर्सा जिल्ला ठोरी गा.पा वडा नं. ०५<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स/म.न.पा वडा नं. ०३ | १. **स्यानु कान्छा पाखिन**<br>ना.प्र.नं.- ९०३४२५४१<br>जारी मिति - २०५१/०९/१०, जि.प्र.का.पर्सा<br>बाबु - कान्छा पाखिन तमाङ्ग<br>स्थायी ठेगाना- पर्सा जिल्ला सुवर्णपुर गा.वि.स वडा नं. ०२<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स/म.न.पा वडा नं. ०३ |
| ३. **रूपा कुमारी गुरुङ्ग**<br>ना.प्र.नं.- ५५/१०९६<br>जारी मिति - २०५७/११/०५, जि.प्र.का. मकवानपुर<br>बाबु - पदम बहादुर गुरुङ्ग<br>पति - रेशम घले गुरुङ्ग<br>स्थायी ठेगाना- तनहुं जिल्ला वन्दिपुर गा.वि.स/उ.म.न.पा वडा नं. ०१<br>हालको ठेगाना- चितवन जिल्ला खैरहनी न.पा वडा नं. ०८ | १. **तेज माया श्रेष्ठ**<br>ना.प्र.नं.- ३१४६/०४४<br>जारी मिति - २०५८/०२/०७, जि.प्र.का.चितवन<br>बाबु - कृष्ण गोपाल श्रेष्ठ<br>स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी न.पा वडा नं. ०२<br>हालको ठेगाना- चितवन जिल्ला खैरहनी न.पा वडा नं. ०८ |
| ४. **इश्वरी अधिकारी**<br>ना.प्र.नं.- २६८४/४७९<br>जारी मिति - २०४८/०१/१६, जि.प्र.का. तनहुँ<br>बाबु - कुल प्रसाद अधिकारी<br>पति -सिताराम देबकोटा<br>स्थायी ठेगाना- तनहुँ जिल्ला घासीकुवा नगर/गाँऊ पञ्चायत वडा नं. ०१<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०८ | १. **सञ्जिता देबकोटा**<br>ना.प्र.नं.- ३५-०१-७५-०८८९०<br>जारी मिति - २०७५/०८/२४, जि.प्र.का. चितवन<br>बाबु - सिताराम देबकोटा<br>स्थायी ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०८<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०८ |
| ५. **मन्ददरी प्रजापती**<br>ना.प्र.नं.- ३२५१<br>जारी मिति - २०४४/१२/०४, जि.प्र.का.तनहुँ<br>पति -बुद्धी कुमार प्रजापती<br>स्थायी ठेगाना- तनहुँ जिल्ला बन्दीपुर नगर/गाँउ पञ्चायत वडा नं. ०५<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०२ | १. **बुद्धी कुमार प्रजापती**<br>ना.प्र.नं.- १३९<br>जारी मिति - २०३३/०६/२४, जि.प्र.का.तनहुँ<br>बाबु - जित बहादुर प्रजापती<br>स्थायी ठेगाना- तनहुँ जिल्ला बन्दीपुर गा.वि.स/उ.म.न.पा. वडा नं. ०५<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०२ |
| ६. **मुना गुरुङ्ग**<br>ना.प्र.नं.- ४८३<br>जारी मिति - २०५७/०४/३२, जि.प्र.का.चितवन<br>बाबु - भीमराज गुरुङ्ग<br>पति -कल बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना- लमजुङ्ग जिल्ला करापु गा.वि.स/उ.म.न.पा वडा नं. ०५<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १९ | १. **सन्देश गुरुङ्ग**<br>ना.प्र.नं.- ४५-०१-७४-०३२४६<br>जारी मिति - २०७४/०७/१३, जि.प्र.का.लमजुङ्ग<br>बाबु - कल बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना- लमजुङ्ग जिल्ला मध्यनेपाल न.पा वडा नं. ०८<br>हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १९ |
| ७. **सिता देबी क्षेत्री**<br>ना.प्र.नं.- २४६/६९१६<br>जारी मिति - २०४५/०२/१२, जि.प्र.का. बाग्लुङ्ग<br>बाबु -खडक बहादुर क्षेत्री<br>पति - रुद्र बहादुर क्षेत्री<br>स्थायी ठेगाना- बाग्लुङ्ग जिल्ला, सर्कुवा नगर/गाँउ पञ्चायत, वडा नं. ५<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०५ | १. **रूद्र बहादुर क्षेत्री**<br>ना.प्र.नं.- १८६०<br>जारी मिति - २०५०/११/१५, जि.प्र.का. बाग्लुङ्ग<br>बाबु - हिम बहादुर क्षेत्री<br>स्थायी ठेगाना- बाग्लुङ्ग जिल्ला, सर्कुवा नगर/गाँउ पञ्चायत वडा नं. ६<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०५ |
| ८. **गिता कार्की**<br>ना.प्र.नं.- ५०-०१-७४-०१५२८<br>जारी मिति - २०४८/०९/१८, जि.प्र.का. बाग्लुङ्ग<br>बाबु -रुद् बहादुर क्षेत्री<br>पति - डिल बहादुर कार्की<br>स्थायी ठेगाना- बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा, वडा नं. ७<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०५ | १. **प्रेम के.सी**<br>ना.प्र.नं.- ५०१०२६/३७०७७<br>जारी मिति - २०६९/१२/२७ जि.प्र.का. बाग्लुङ्ग<br>बाबु - रुद्र बहादुर क्षेत्री<br>स्थायी ठेगाना- बाग्लुङ्ग जिल्ला, सर्कुवा गा.बि.स/उ.म.न.पा., वडा नं.६<br>हालको ठेगाना- नवलपुर जिल्ला गैडाकोट न.पा वडा नं. ०५ |
| ९. **वसन्ती गुरुङ**<br>ना.प्र.नं.- ३५१०२५/८३४६<br>जारी मिति - २०७०/०१/२० जि.प्र.का.चितवन<br>बाबु -सिताराम कुमाल<br>पति - सुजन गुरुङ<br>स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर गा.वि.स/उ.म.न.पा, वडा नं.११<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा, वडा नं.११ | १. **सुक बहादुर गुरुङ**<br>ना.प्र.नं.- ५०३२२<br>जारी मिति - २०४४/०८/०६, जि.प्र.का.चितवन<br>बाबु - डिल बहादुर गुरुङ<br>स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर उ.म.न.पा/गा.वि.स, वडा नं.११<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा, वडा नं.११ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय नारायणगढ फोन नं. ०५६-५९५२४१**

# नेपाली चलचित्रको 'डिजिटल' रुपान्तरण




**भेषराज कार्की**

सूचना र प्रविधिको विकाससँगै अधिकांश क्षेत्र अहिले डिजिटल प्रविधिमय भएको छ। नेपाली चलचित्र क्षेत्र पनि यसबाट अछुतो हुन सकेन। चलचित्र निर्माणदेखि प्रदर्शनसम्मको हरेक गतिविधि 'डिजिटल प्रविधि' मा रुपान्तरण हुनुपर्ने बाध्यता सिर्जना भएको छ।

यद्यपि यो समयसम्म आउन नेपाली चलचित्रले 'सेलुलाइड' युगलाई पार गर्नुपरेको थियो। उक्त समयमा चलचित्रको चारदेखि पाँच प्रिन्ट तयार गरेपछि प्रदर्शन गरिन्थ्यो। एउटा चलचित्र भवनबाट अर्को चलचित्र भवनमा चलचित्र प्रदर्शन गर्न समय हेरफेर गर्नुपर्ने अवस्था थियो। प्रिन्टको संख्या बढाउँदा निर्माण लागत पनि बढ्ने भएकाले सीमित प्रिन्टबाट समय हेरफेर गरेर चलचित्र प्रदर्शन गरिन्थ्यो।

सीमित प्रिन्ट मोफसलमा प्रदर्शन भएर काठमाडौं आउँदा कोरिने, प्वाल पर्ने लगायतका समस्याका कारण कतिपय चलचित्र भवनमा धमिलो देखिन्थ्यो। सोह्र मिलिमिटरमा खिचेर ३५ मिलिमिटरमा प्रदर्शन गर्दा गुणस्तरमा कमी आउँथ्यो। फलतः शहरिया दर्शकको रोजाइमा नेपाली चलचित्र कम पर्न थाल्यो। किनकि यता सोही मूल्यमा हेर्न पाइने विदेशी चलचित्र भने गुणस्तरीय थियो।

ध्वनि, छायाङ्कन, प्रदर्शनमा देखिएको यावत् समस्यालाई महसूस गरिरहनुभएका निर्माता तथा निर्देशक अशोक शर्माले नेपाली चलचित्रलाई 'डिजिटल युग'तर्फ मोड्नुभयो।

'हामीले जुन गुणस्तरको चलचित्र ल्याइरहेका थियौं, त्यसले लामो समय निरन्तरता दिन गाह्रो छ भन्ने मलाई लागेको थियो,' निर्देशक शर्माले भने, 'किनकि हामीले फड्को मार्न सकिरहेका थिएनौं। अन्य देशका चलचित्र उद्योगमा भइरहेको रुपान्तरण हामीकहाँ हुने सम्भावना नै थिएन।'

चलचित्र निर्माणको शुरुआत ३५ मिलिमिटरबाट गरिएको भएता पनि लगानी कम गर्न १६ मिलिमिटर हुँदै 'भिडिओ' चलचित्र बन्न थालेपछि शहरिया दर्शक घटेको उनले बताए। त्यही क्रममा 'जय नेपाल चलचित्र' भवनलाई नयाँ स्वरूपमा सञ्चालन गर्ने तयारीमा रहेका भाष्कर ढुङ्गानासँग निर्देशक शर्माको भेट भयो।

शुरुमा उक्त हलमा विदेशी चलचित्र मात्र प्रदर्शन हुन्थ्यो। यद्यपि लक्षित दर्शक हलसम्म आएनन्। निर्देशक शर्मालाई नेपाली चलचित्रको निर्माण र कथ्य शैलीमा परिवर्तन आउनुपर्छ भन्ने लाग्यो। यसै सन्दर्भमा 'डिजिटल प्रविधि'को आवश्यकता महसूस भएको निर्देशक शर्माको भनाइ थियो। भारतमा सन् २००५ मा भित्रिएको 'डिजिटल प्रविधि'लाई नै नेपालको लागतसँग मिल्दो पाएपछि नेपाल ल्याइयो।

डिजिटल प्रविधि भित्रिएपछि प्रदर्शक ढुङ्गानासहित सम्बद्ध क्षेत्रका केही व्यक्तिसँग मिलेर 'डिजिटल सिनेमा नेपाल (डिसिएन)' को सुरुआत शर्माले गरेका थिए। उक्त प्रविधि नेपाल भित्रिएसँगै निर्माता तथा निर्देशकका लागि जानकारी दिन 'प्रदर्शनी' को आयोजना गरियो। त्यसपछि जय नेपाल हलमा 'हलिउड' र 'बलिउड'का चलचित्र डिजिटल प्रविधिमै देखाइयो। तर, नेपाली चलचित्रको निर्माणमा परिवर्तन आएको थिएन। 'सेलुलाइड प्रविधि'मै निर्माण हुँदा त्यसको प्रदर्शन अन्य प्रविधिमा सम्भव थिएन।




'प्रविधिको गुणस्तर बुझाउन हाम्रो 'डिसिएन'कै केही साथीहरूले 'कागबेनी' चलचित्र निर्माण गरे। त्यसका लागि छायाङ्कन गर्ने क्यामेरादेखि सम्पादन गर्ने कम्प्युटरसम्म तयार गर्‍यौं,' निर्देशक शर्माले सुनाए।

टेलिभिजनकर्मी भूषण दाहालले निर्देशन गरेको 'कागबेनी' चलचित्रले नयाँ कथ्य शैली र दृश्य भाषालाई प्रस्तुत गर्‍यो। त्यहाँ परम्परागत प्रस्तुतीकरण थिएन न त हिरो भन्ने शब्दसँग मिल्दो भाष्य नै थियो। त्यसले दर्शकलाई केही हदसम्म नेपाली चलचित्रको नयाँ युगसँग परिचित गरायो।

लागत मूल्य कम पर्ने भएपछि विस्तारै चलचित्र भवनमा डिजिटल प्रविधि जडान भए। सोही समयमा 'गोपीकृष्ण मुभिज्'ले समेत 'क्युब डिजिटल' सर्भर नेपाल भित्र्यायो। दुई सर्भर भएपछि नेपालभर डिजिटल प्रविधि जडान हुन समय लागेन।

'निर्माण र प्रदर्शनमा डिजिटल प्रविधिले सहज पुर्‍याएपछि नेपालभर एकसाथ चलचित्र प्रदर्शन हुन थाले। स्वदेशमै विदेशको जस्तो गुणस्तरीय नेपाली चलचित्र हेर्न पाएपछि दर्शक बढे,' निर्देशक शर्माले भने, 'यसरी प्रविधिको विकासले निर्माण बढ्यो। किनकि एकसाथ नेपालभर प्रदर्शन हुँदा नयाँ र गुणस्तरीय चलचित्र दर्शकसम्म पुग्यो।'

नेपालमा 'युएफओ' र 'क्युब डिजिटलको सर्भर' भएर प्रिन्टबाट निर्माताले छुटकारा पाए पनि प्रविधिमा चलचित्र 'इनकोडिङ' गर्न भारत जानुपर्थ्यो। प्रारम्भमा त्यो सहज देखिए पनि विस्तारै समस्याको रुपमा विकसित हुँदै गयो। त्यही कारण नेपालमै त्यसको समाधान गर्ने खोज हुन थाल्यो। 'नेपाली चलचित्रको लागि आफ्नै सर्भर बनाऔं भनेर अष्ट्रेलियन कम्पनीसँग 'सफ्टवेयर' र सिङ्गापुरको कम्पनीसँग 'हार्डवेयर' लिएर 'डिसिएन सर्भर'को शुरु भयो।


अशोक शर्मा


त्यसपछि भारत जानुपर्ने समस्याबाट छुटकारा पाइयो। यद्यपि चलचित्र भवनमा नेपाली र विदेशीको लागि छुट्टाछुट्टै दुई सर्भर थिए। त्यसबाट पनि पुनः नयाँ समस्या देखियो,' निर्देशक शर्माले विगत सम्झँदै भने, 'हामीले पुनः 'युएफओ'सँग कुराकानी गर्‍यौं। नेपालमै 'इनकोडिङ' गर्न मिल्ने सफ्टवेयरको माग गर्‍यौं। त्यसबापत हामीले 'रोयल्टी' तिर्ने तय भयो।'

अहिले नेपालमै सम्पूर्ण प्रविधिमा 'इनकोडिङ' हुन्छ। त्यही चलचित्रलाई विश्वभर प्रदर्शन गर्न सकिन्छ। डिजिटल सिनेमा इनिसेटिभ (डिसिआई) ढाँचामा रहेका चलचित्र विश्वभर अन्य सर्भरमा समेत प्रदर्शन गर्न सकिन्छ।

उनका अनुसार अहिले नेपालभर 'नन टुके', 'टुके' र 'फोरके' लगायतका प्रविधि जडित चलचित्र भवन सञ्चालनमा छन्।

'कागबेनी' चलचित्रमार्फत नेपालमा 'डिजिटल यात्रा' को शुरुआत भएर विविध बाधा अड्चन पार गर्दै निर्माण सहज, व्यवस्थित र व्यावसायिक भएको निर्देशक, निर्माताको भनाइ छ। यसले सुरुआतसँगै प्रिन्टको डब्बा लिएर चलचित्र भवन धाउनुपर्ने बाध्यता हट्यो। यसले एउटै समयमा नेपालभर चलचित्र प्रदर्शन गर्न सहज बनाएको छ।

आज शुक्रबार प्रथम प्रदर्शनमा रहेका फिल्मको आधारभूमि यसरी तयार पारिएको बिर्सन नमिल्ने निर्माता शर्मा बताउँछन्।


अर्जेन्टिनाको ब्यूनस आयर्समा भएको विश्व ट्याङ्गो च्याम्पियनसिपको सेमिफाइनलमा प्रतिस्पर्धा गर्न नर्तकहरू तयारी गर्दै। *तस्बिर : एपी*

## ट्रम्पले हिरोइनलाई कल गर्दा...



प्रख्यात अभिनेत्री एम्मा थम्पसनले संयुक्त राज्य अमेरिकाका वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले कुनै समय आफूलाई डेटिङका लागि फोन गरेको एउटा अनुभव हालै सार्वजनिक गरेकी छन्।

१९९८ मा फिल्म 'प्राइमरी कलर्स'को छायांकनको क्रममा ट्रम्पले नायिका एम्मालाई फोन गरेको बताएकी छन्। हालै स्विट्जरल्याण्डमा आयोजित लोकार्नो फिल्म फेस्टिभलमा उनले अचानक त्यो बेला ट्रम्पले फोन गरेकाले आफू अक्क न बक्क भएको समेत जनाइन्। उनले त्यो दिन सम्झँदै भनिन्, 'उताबाट फोन आयो। मैले फोन उठाएँ। फोन उठाउनेबित्तिकै आवाज आयो- हेल्लो, म डोनाल्ड ट्रम्प बोल्दैछु।'

केही क्षण त आफूलाई कसैले जिस्क्याएको हो कि जस्तो लागेको बताइन्। त्यसपछि सम्हालिँदै उनले भनिन्, 'भन्नोस्, म तपाईंलाई कसरी सहयोग गरुँ ?'

त्यसपछि ट्रम्पले न्यूयोर्क आएका बेला अन्त कतै नगई उनकै होटलमा बस्न आग्रह गरेका थिए। त्यसबापत उनले डिनर पनि खुवाउने बताएका थिए। त्यसको जवाफमा उनले भनेकी थिइन्, 'यो त गज्जबकै अफर दिनुभयो। यसका लागि धन्यवाद। म पछि तपाईंलाई सम्पर्क गर्नेछु।'

तर त्यसपछि उनीसँग कुनै सम्पर्क हुन नपाएको र डेटिङ जान नपाएको एम्माले बताइन्।

त्यसै दिन एम्माको पारपाचुके लिएकी थिइन्। उनी तनावमा थिइन्। उनले केनेथ ब्रानाघसँग पारपाचुके लिएकै दिन ट्रम्पले फोन गर्नुमा केही विशेष थियो कि भनी एम्माले यतिबेला ठट्टा गर्दै सुनाइन्।

उनले हाँस्दै भनिन्, 'त्यो बेला उनकी दोस्री पत्नी मार्ला म्यापलसँग पारपाचुके गर्नेबारे सोच्दै थिए। उनलाई कोही असल डिभोर्सी महिला चाहिएको थियो होला र मलाई सम्झिएका हुन सक्छन्!'

उनले हाँस्दै थपिन्, 'मैले डोनाल्ड ट्रम्पसँग डेट गर्न सक्थें। डेटिङ गरेको भए मेरो आफ्नै रोचक कथा हुन्थ्यो होला। मैले अमेरिकाको इतिहास नै बदल्थें होला, हैन ?'

## नेपाली भाषामै इम्बोस्ड नम्बर प्लेट राख्न आग्रह



राष्ट्रपति रामचन्द्र पौडेलले भाषा व्यक्ति र समुदायको पहिचान र अपनत्व कायम राख्ने महत्त्वपूर्ण माध्यम भएको बताएका छन्। भाषा आयोगको वार्षिक प्रतिवेदन पेश हुने कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपाल बहुभाषिक मुलुक भएको उल्लेख गर्दै भाषा आयोगले नेपालका भाषाको अध्ययन, अनुसन्धान र अन्वेषण गरी भाषाको संरक्षणमा पुर्‍याएको योगदानको लागि भाषा आयोगको प्रशंसा गरे।

सो क्रममा उनले देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने राज्यको सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति रहेको स्पष्ट पारे। सो क्रममा भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुरले आयोगको प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरेका थिए।

भाषा आयोगले सवारी साधनमा जडान हुने विद्युतीय सङ्केत (इम्बोस्ड नम्बर प्लेट) नेपाली भाषामा नै हुनुपर्नेमा जोड दिएको छ। सरकारी कामकाजको भाषा नेपाली भाषा नै हुने व्यवस्था नेपालको संविधानको धारा ७ को उपधारा १ मा रहेको स्पष्ट पार्दै आयोगले सवारी साधनको नम्बर प्लेट अंग्रेजी भाषामा हुने व्यवस्थाप्रति आपत्ति जनाएको छ।

संविधानले नचिनेको भाषा र लिपिमा नभई नेपाली भाषामा नै इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको फैसलाको समेत आयोगले जानकारी गराएको छ।

सर्वोच्च अदालतले २०८१ असार ९ मा गरेको नेपाली भाषाको वर्णविन्याससम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ भनी स्पष्ट गरेको पाइन्छ भन्ने प्रावधान बमोजिम सबै तहका सरकारलाई सोही बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएको छ।

भाषा आयोगले आफ्नो संवैधानिक दायित्वसमेत बोध गर्दै देवनागरी लिपिमा विद्युतीय सङ्केत संख्या राख्न आयोगको यही भदौ १ को निर्णयानुसार नेपाल सरकारको पुनः ध्यानाकर्षण गराइएको आयोगका अध्यक्ष डा गोपाल ठाकुरले जानकारी दिए।

## आजबाट नेपाल कला तथा सांस्कृतिक उत्सव

नेपाल आर्ट काउन्सिल बबरमहलमा 'रुट एण्ड रिफ्लेक्सन' विषयक नेपाल कला तथा सांस्कृतिक उत्सव आयोजना हुँदैछ।

काठमाडौं र ललितपुर महानगरपालिका, भक्तपुर र कीर्तिपुर नगरपालिका तथा नेपाल पर्यटन बोर्ड, होटल एशोसिएसन अफ नेपालको सहकार्यमा आयोजना हुने उत्सवमा इन्द्रजात्रा केन्द्रित कलाकृति समावेश हुने पूर्वअर्थराज्यमन्त्री एवं सांसद उदयशम्शेर राणाले जानकारी दिए।

यो उत्सव तीन सातासम्म चल्नेछ। राष्ट्रपति रामचन्द्र पौडेलले उत्सवको उद्घाटन गर्ने तयारी गरिएको आयोजकको भनाइ छ। उत्सवमा समावेश गरिने कलाकृति उत्कृष्ट र गुणस्तरीय रहनुका साथै सहुलियत मूल्यमा उपलब्ध हुने जानकारी दिइयो।

नेपाल होटल एसोसिसनका अध्यक्ष विनायक शाहले स्वदेशी नागरिकलाई कला र विदेशीलाई नेपालको कला र संस्कृतिका बारेमा जानकारी दिने उद्देश्यले उत्सव आयोजना गरिएको बताए। उनले भने, 'पर्यटनका माध्यमबाट आर्थिक समृद्धिका लागि उत्सवले योगदान पुर्‍याउँछ भन्ने हाम्रो ठहर हो।'

## निर्माताहरू आफूआफैं नभिड्न संघको आग्रह

नेपाली चलचित्रका सम्मानित निर्माताहरूबीच सामाजिक सञ्जाल तथा विभिन्न समाचार माध्यममार्फत सार्वजनिक रुपमा अशिष्ट अभिव्यक्ति दिएको, एकअर्कामा आरोप-प्रत्यारोप र विवादमा फँसेकोमा निर्माता संघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संघका महासचिव सुनीलकुमार थापाद्वारा हस्ताक्षरित विज्ञप्तिमा यस्ता आरोप-प्रत्यारोपले लचचित्र क्षेत्रको मर्यादा, शिष्टाचार र स्वस्थ वातावरणमा असर पुर्‍याएकोमा गम्भीर चिन्ता व्यक्त गर्दै निर्माता तथा सञ्चारकर्मी दुवैलाई संयमित र जिम्मेवार रहन अनुरोध गरिएको छ।

स्वस्थ वार्ता र संवादको बाटोबाट विवाद समाधान गर्न महासचिव थापाले आग्रह गर्दै व्यक्तिगत असन्तुष्टिलाई सार्वजनिक स्तरमा विवादका रुपमा प्रस्तुत गर्नु उद्योगकै लागि प्रत्युत्पादक हुने बताएका छन्। उनले आपसी छलफलबाट तिक्तता अन्त्य गर्न आग्रह समेत गरेका छन्। संघले यस प्रक्रियामा सहजकर्ता र संयोजनकारी भूमिका तयार गर्न इच्छुक रहेको समेत जनाएको छ।




नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला